राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
▸सबैतिरबाट, सबैका लागि

वर्ष– २९, अङ्क– २, साउन १२ गते शुक्रबार, २०८० (28 July, 2023) | www.janajibro.com | मूल्य रू. १०।-

# ‘भ्रष्टाचार–बेथितिविरुद्ध कडा कदम चालिन्छ’

## सुशासनका लागि सघाउन सबैमा अपिल, एउटैले चाहँदैमा समृद्धि नआउने भनाइ

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले वर्तमान सरकारले भ्रष्टाचार र बेथितिका विरुद्धमा कडा कदम चालेको बताएका छन्। सरकारले सामाजिक न्याय, सुशासन, विकास निर्माण र समृद्धिका पक्षमा नयाँ अभियान सञ्चालन गरेको उनको भनाइ छ।

इटालीको रोममा गैरआवासीय नेपाली संघ इटालीद्वारा प्रधानमन्त्रीको स्वागत तथा सम्मानमा आयोजना गर्ने कार्यक्रमलाई सम्बोधन गर्दै उनले भ्रष्टाचार र बेथितिका विरुद्धमा सरकारले कडा कदम चालेको बताए।



आफ्नो नेतृत्वमा वर्तमान सरकार गठन भएलगत्तै बेथितिको नियन्त्रण, सेवा प्रवाहमा सहजीकरण र नागरिकको जीवनस्तरमा आमूल परिवर्तन ल्याउने उद्देश्यका साथ महत्वपूर्ण कामको थालनी गरेको जिकिर गरे।

कार्यक्रमबीच जनताले लामो समयदेखि सास्ती व्यहोर्दै आएको राहदानी तथा सवारी चालक अनुमतिपत्र प्राप्तिमा सहजीकरण गरिएको जानकारी दिँदै उनले अर्थतन्त्रमा देखिएको डरलाग्दो अवस्थालाई सही ट्र्याकमा ल्याइएको बताए। ‘सामाजिक सुरक्षा कोषमा बढीभन्दा बढी श्रमिकलाई आबद्ध गर्ने, अझ विदेशमा बस्ने श्रमिकलाई कोषमा जोड्ने काम गरेका छौं’ प्रधानमन्त्री दाहालले थपे ‘सामाजिक सेवा तथा जनतालाई प्रत्यक्ष राहत दिनेबाट सरकारले कामको थालनी गरेको छ।’

नक्कली भुटानी शरणार्थी प्रकरणमा राष्ट्रहित विपरीत र संगठित अपराधका रूपमा काम भएको देखिएकाले सरकारले उक्त कदम चालेको बताए। ‘शरणार्थी प्रकरणमा राष्ट्रहित

# नेकपा संस्थापक नरबहादुर कर्माचार्यको स्मृति




**काठमाडौं ।** मंगलबार नेपाल कम्युनिस्ट पार्टीका संस्थापक सदस्य नरबहादुर कर्माचार्यको दशौं स्मृति दिवस मनाइएको छ। नेकपा (माओवादी केन्द्र) को पार्टी मुख्यालय पेरिसडाँडामा नेकपाका संस्थापक सदस्य कर्माचार्यको स्मृति दिवसका अवसरमा श्रद्धाञ्जलि कार्यक्रमको आयोजना गरिएको हो। कार्यक्रममा माओवादी शीर्ष नेताले कर्माचार्यको पार्टी र सिद्धान्तप्रतिको निष्ठा सबैले अनुशरण गर्नुपर्ने बताए।


स्मृति दिवसका अवसरमा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महराले कर्माचार्यले कम्युनिस्ट पार्टीले सिद्धान्त र व्यवहारलाई सँगसँगै मिलाएर लैजानुपर्नेमा जोड दिने गरेको स्मरण गरेका थिए। ‘उहाँ (कर्माचार्य) भन्नुहुन्थ्यो, कम्युनिस्ट आन्दोलन दुई ढंगले विभाजित हुन्छ, पहिलो सिद्धान्त पकड्ने नाममा जडसूत्र बन्ने र दोस्रो व्यवहारमा जानुपर्छ भनेर सिद्धान्त बिर्सने’ उपाध्यक्ष महराले भने ‘व्यवहारिक बन्ने क्रममा सिद्धान्त बिर्सने र सिद्धान्तका नाममा जडसूत्र बन्नेलाई मिलाएर लैजानुपर्नेमा उहाँको जोड रहन्थ्यो।’

कार्यक्रमबीच आफू २०४८ सालमा सांसद हुँदा दिवंगत कर्माचार्यले देश र जनताको पक्षमा भूमिका खेल्न सजग गराएको स्मरण गर्दै उपाध्यक्ष महराले विभिन्न टुक्रामा विभाजित कम्युनिस्ट पार्टीको एकता कायम गर्ने पक्षमा कर्माचार्य रहेको सम्झना गरेका थिए।

क्रमशः अन्तिम पृष्ठमा

# आमा– ८

**२८ मार्च, १८६८ मा जन्मेर १८ जुन, १९३६ मा निधन भएका विश्वचर्चित मार्क्सवादी लेखक–साहित्यकार म्याक्सिम गोर्कीको औपचारिक नाम भने एलेक्सी म्याक्सिमोभिच पेस्कोभ हो। रूसी साहित्यकार गोर्की लेखक, नाटककार, उपन्यासकार मात्र नभई समाजवादी यथार्थवादी साहित्यिक धाराका संस्थापक समेत हुन्। कारखानामा काम गर्ने मजदूरहरूको आन्दोलनमा आधारित रही गोर्कीले लेखेको विश्वचर्चित उपन्यास ‘द मदर’ सन् १९०६ मा सर्वप्रथम अङ्ग्रेजी भाषमा प्रकाशित भएको थियो। नेपालीमा समेत प्रकाशित ‘आमा’ उपन्यास संसारभर अनेकौं भाषामा प्रकाशित छ। यसैमा आधारित भएर धेरै चलचित्रहरू समेत बनिसकेका छन्। पाठकहरूका निम्ति रूचिकर एवम् ज्ञावर्द्धक हुने ठानी यस स्तम्भमार्फत ‘आमा’ उपन्यासलाई क्रमशः प्रकाशित गरेका छौं।**



धारावाहिक उपन्यास
म्याक्सिम गोर्की

आमाले त्यो लठ्ठी टिप्न र चुल्होमा फाल्नै आँटेकी थिइन् केही सोचेर थामिइन् र लामो सुस्केरा हाल्दै लठ्ठीबाट त्यो रातो कपडा निकालिन् र बडो सावधानीपूर्वक पट्याएर खल्तीमा राखिन्। अनि घुँडामा अडाएर त्यो लठ्ठी भाँचिन् र चुल्होभित्र हुत्याइन्। त्यसपछि उनले चिसो पानीले भूईं र झ्यालहरू सफा गरिन्। सामोभार बसालिन् र लुगा फेर्न थालिन्। सब काम सिध्याएर उनी भान्सा-कोठाको झ्यालमा गएर बसिन्। फेरि त्यही प्रश्न उनको अगाडि खडा भयो।

“अब के गर्ने हो ?”

“अझ पूजा गरेको छैन’ भन्ने सम्झेर उनी ईसाको तस्वीर राखिएको कुनातिर लागिन् र त्यहाँ एकछिन उभिइसकेपछि फेरि आएर बसिन्। आज उनको हृदय शून्य थियो।

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २९, अङ्क- २, साउन १२ गते शुक्रबार, २०८०

## सम्पादकीय

# नेकपाका संस्थापकको स्मृति दिवस मनाउनुको सार्थकता

हालै मात्र नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेताहरूमध्येका एक कमरेड नरबहादुर कर्माचार्यको स्मृति दिवस मनाइयो । उहाँको मात्र होइन, बेलाबखत अनेकौं कम्युनिस्ट सारथिहरूका विभिन्न दिवस आउँछन् र मनाइन्छन् । सामाजिक शिष्टाचार, सभ्यता, जीवित उत्तराधिकारीहरूको कर्तव्य र दिवंगतहरूका योगदानको कदर, सम्मान र पदचाप पछ्याउने प्रतिबद्धताका रूपमा यस्ता दिवसहरू मनाइनु सर्वथा स्वागतयोग्य र उचित नै हो ।

तर, हामीकहाँ भने ऐतिहासिक पात्र र हस्तीहरूका यस्ता दिवसहरू केवल 'लोकाचार' र 'श्राद्ध' मा सीमित हुँदै गएको भान हुन पर्न थालेको छ । शोषण-दोहन, अन्याय-अत्याचार र दूराचार-व्यभिचारका विरुद्ध जीवनभर कठोर लडाइँ लडेका हस्तीहरूको स्मृति दिवस मनाइरहँदा त्यस्तो 'दिवस' मनाउने नेता, पात्र र प्रवृत्तिहरूको व्यवहारतर्फ स्वभावतः सवैको ध्यान जान्छ । एकातिर ज-जसको स्मृति दिवस मनाइँदैछ र उस/उनको जीवन-मूल्य जे-जस्तो थियो; अर्कातिर ज-जसले त्यस्ता 'दिवस' मनाइरहेका छन् र तिनको जीवन-मूल्य के-कस्तो छ- स्वभावतः त्यसको मूल्याङ्कन हुन्छ र गरिन्छ नै । ठीक यही विन्दुमा मूल्याङ्कन गर्दा स्मृति दिवस मनाउनेहरूले ठगी नै पो गरे कि क्या हो भन्ने भान पर्नु विडम्बनापूर्ण छ ।

राणाशाहीको जगजगी नसकिँदै नेपाल कम्युनिस्ट पार्टीको स्थापना र सञ्चालन गर्ने हिम्मत गर्नु, आजीवन राजतन्त्रसँग भिडिरहनु र पञ्चायती कालरात्रिको डटेर सामना गर्नु अनि सामन्तवाद र साम्राज्यवादलाई पराजित गरेर जनवाद, समाजवाद र साम्यवाद स्थापना गर्ने आन्दोलन अघि बढाउनु संस्थापक नरबहादुर कर्माचार्यलगायतका नेताहरूको चानचुने साहस र योगदान होइन । यिनै योगदानहरूलाई आत्मसात् गर्दै उहाँहरूले बाँकी छाड्नुभएका अभिभारा पूरा गर्न कृतसङ्कल्पित हुनु नै नरबहादुर स्मृति दिवस मनाउनुको सार्थकता हो । कमरेड नरबहादुर कर्माचार्य- लालसलाम !

## ... आमा- ८

वातावरणमा एक अनौठो बिस्तब्धता फैलिएको थियो । यस्तो लाग्थ्यो, मानौं ती मानिसहरू जो हिजो त्यत्रो उत्साहसहित सडकमा चिल्लाउँदै थिए, आज आ-आफ्नै घरमा लुकेर बसेका छन् र हिजोका ती असाधारण घटनाहरू केलाउँदै छन् ।

अकस्मात आमालाई आफ्नो जवानीको एक घटना याद आयो । जाउसाइलभ परिवारको बङला अगाडिको पुरानो पार्कमा एउटा तलाऊ थियो, जसमा कमलका फूलहरू फुलेका थिए । यो घटना शरद ऋतुको अन्त्यतिर घटेको थियो । त्यसदिन उनी तलाऊ किनारबाट जाँदै थिइन् । अकस्मात वीच तलाउमा एउटा डुङा देखिन् । तलाऊ शान्त कालो देखिन्थ्यो । पहेंला, सुकेका पातहरू विछ्याइएको पानीको सतहमा डुङा टाँसिए जस्तो लाग्थ्यो । कालो पानीमा निश्चल खडा भएको त्यो एक्लो डुङा देख्दा जसमा न कुनै मानिस बसेको थियो न त पानी खियाउने डाँडी नै थियो, कुनै अज्ञात दुर्घटनाको आभास हुन्थ्यो । आमा धेरैबेरसम्म तलाउको किनारमा उभिएर सोचिरहिन् कसले त्यो डुङा पानीमा उतार्‍यो होला र किन होला ? त्यसै दिन साँझ उनले थाहा पाइन् त्यस बङालामा काम गर्ने मान्छेकी स्वास्नी तलाउमा डुबेर मरिन् । त्यस आइमाईलाई उनी चिन्थिन् उनको कालो कपाल घुँग्रिएको थियो र उनी बडो छिटोछिटो हिंड्ने गर्थिन् ।

आमाले आफ्नो निधार छामिन् । हिजोको घटना सम्बन्धी सम्झनाहरू अन्य विचारहरू सहित उनको दिमागमा विस्तारै घुम्दै थिए । आमा धैरै बेरसम्म यिनै विचारहरूमा डुबेर बसिरहिन् । उनी एकटकले चिसो चियाको गिलासमा हेर्दै थिइन् । अकस्मात् आमालाई कुनै समझदार, सीधा-सादा मान्छेसँग कुरा गर्ने र थुप्रै प्रश्नहरू सोध्ने इच्छा भयो ।

मानौं उनको यही इच्छा पूरा गर्न दिउँसोको खानापछि निकोलाइ इभानोभिच भेट्न आइपुग्यो । उसलाई देख्नासाथ आमा झस्किन् र उसको अभिवादनको उत्तर नदिई विस्तारै भन्न थालिन् - "किन आउनुभएको ? तपाईं बेकारमा आउनुभयो । यहाँ तपाईंलाई देखेभने अवश्य पनि समातेर लानेछन् ।" उसले बडो प्रेमपूर्वक आमासँग हात मिलायो र आफ्नो चश्मा ठीक पार्दै उनीतिर झुक्यो । "कुरा के हो भने पाभेल र आन्द्रेइलाई मैले वचन दिएको थिएँ । केही भएर उनीहरू गिरफ्तार भैहाले भने भोलिपल्ट नै तपाईंलाई शहर लिएर जानेछु ।" ऊ छिटोछिटो बोल्दै थियो । उसको स्वर कोमल र सहानुभूतिपूर्ण थियो - "के यहाँ खानतलासी लिन आएका थिए । "हो, सब उलटपलट गरेर छोडे । यी मोराहरूलाई लाजसम्म भन्ने पटक्कै छैन ।"- आमाले भनिन् ।

"केलाई चाहियो ? उनीहरूलाई लाजसरम ?" निकोलाइ इभानोभीचले काँध हल्लाउँदै भन्यो । त्यसपछि उसले बताउन थाल्यो किन आमाले शहर गएर बस्नु जाती हुन्छ । प्रेम र सहानुभूतिले भरिएको उसको आवाज सुनेर आमा विस्तारै मुस्कुराइन् । उसको कुरा त उनले बुझिनन् तर उनलाई आश्चर्य लाग्दै थियो किन यस मान्छेको कुरा सुन्दा आमाको हृदयमा विश्वास र ममताको भवना पैदा हुन्छ त यदि पाभेलले भनेर गएको हो ।"- आमाले भनिन् - तर तपाईंलाई कुनै कठिनाई पर्दैन भने.....।" यस कुरामा तपाईंले पीर नमाने हुन्छ । म एक्लै बस्छु । कहिलेकाहीं बहिनी आउने गर्छे ।" "तर तपाईंसँग सित्तैमा खाएर पनि त बस्न सक्दिन नि ।" आमाले भनिन् । तपाईं चाहनुहुन्छ भने कुनै काम भेट्टाउन सकिन्छ । निकोलाइले भने काम भन्नासाथ उनको दिमागमा पाभेल आन्द्रेइ र उसका साथीहरूले गर्ने काम याद आयो । उनी निकोलाइको अझ नजीक सरिन् र उसका आँखामा हेर्दै सोधिन् । "साँच्ची भेट्टाइन्छ ?" "मेरो घरमा त कुनै यस्तो काम छैन एक्लै बस्छु ।" "मैले यस्तो काम भनेकी होइन मैले घरेलु कामको कुरा गरेकी होइन । आमाले विस्तारै भनिन् ।

उनले दिक्दार हुँदै लामो सुस्केरा हालिन् । निकोलाइले आफ्नो इच्छा नबुझेको देख्दा उनलाई बडो चोट पर्‍यो । निकोलाइ इभानोभिचका कमजोर आँखामा एक मुस्कुराहट देखा पर्‍यो । उसले विचारमग्न हुँदै भन्यो । जेलमा पाभेलसँग भेट्न जाँदा यदि तपाईंले उसबाट ती किसानको ठेगाना थाहा पाउन सक्नुभए, जसले हामीलाई अखबार निकाल्ने अनुरोध गरेका थिए, तब.....।"

"म उनीहरूलाई चिन्छु ।" आमाले दङ पर्दै भनिन् - म उनीहरूको ठेगाना पत्ता लाउँछु र सब काम गर्छु । गैर कानूनी प्रचार गर्दै हिंड्छु भन्ने शंका कसले गर्ला र ? जय होस् तिम्रो । जय होस् तिम्रो । जे होस् । फैक्ट्रीमा पर्चा लिएर जाने गरेकी थिएँ होइन र ?"

अकस्मात् उनलाई काँधमा झोला बोकेर लठ्ठी टेक्दै जंगल र गाउँ हुँदै कतै अज्ञात बाटोतिर लाग्ने इच्छा भयो - "... तपाईं जसरी भए पनि मलाई यो काम मिलाइदिनोस् । आमाले भनिन् - "म जहाँ पनि जान तयार छु । जिल्ला जिल्ला गाउँ गाउँ जहाँ भए पनि जान्छु जहाँ पनि बाटो पत्ता लाउँछु । जाडो गर्मी, जे भएपनि नमरुञ्जेल तिर्थयात्री जस्तो हिंड्या हिंड्यै गर्नेछु । के यो काम गौरवपूर्ण छैन ?"

गाउँले छाप्राहरू अगाडि ईसा मसीहरूको नाममा भीख माग्दै हिंडेछ घरबारबिहीन बुढियाको रूपमा आफूलाई कल्पनामा देख्दा उनको मन उदास भयो । निकोलाईले बडो प्रेमपूर्वक उनको हात समायो र आफ्नो तातो हातले उनको हात थपथपायो । एकछिन पछि उसले घडी हेर्‍यो र भन्यो - "लौ पछि कुरा गरौंला ।" "भाइ यदि हाम्रो बच्चाहरू, हाम्रा मुटुका टुक्राहरू, आफ्नो जिन्दगी आफ्नो स्वतन्त्रता सब कुरा बलिदान गर्न तयार छन् । आफूबारे अलिकति पनि पीर नगरी आफ्नो जीवनसम्म अर्पण गर्न सक्छन् भने, म आमा भएर केही गर्न सक्दिन र ?" निकोलाइको अनुहार फीक्का भयो र बडो मायालु दृष्टिले आमालाई हेर्दै उसले भन्यो - "यसभन्दा अगाडि मैले कहिल्यै कसैबाट यस्तो कुरा सुनेकी थिइन ।"

"त्यस्तो म भन्नै के सक्छु र ।"- आमाले उदासीनतापूर्वक टाउको हल्लाइन् र विस्तारै हात घुमाउँदै भनिन् - "मेरो छातीमा भएको यस मातृ हृदयको वेदनाबारे बताउने शब्द मात्र मसँग भैदिएको भए...।"

आमा उभिइन्, कुनै प्रबल शक्तिले जुरुक्क उचाल्यो भने बेस होला र अत्यन्त रोषपूर्ण शब्दहरूको एक प्रबलप्रवाह फुटेर बाहिर निस्क्यो ।

"...धेरै मान्छे रुन्थे होलान् उनै दुष्ट र निर्लज्ज मान्छेहरूसमेत नरोई बस्न सक्दैनथे होलान्...।"

निकोलाइ पनि उभियो र फेरि आफ्नो घडी हेर्न थाल्यो ।

"लौ त त्यसो भए पक्का भयो । तपाईं शहरमा आएर मसँग बस्नु हुनेछ ।"

उनले चुपचाप टाउको हल्लाउँदै आफ्नो सहमति जनाइन् ।

"कहिले सर्नुहुन्छ त ? छिटो गर्नोस् ।"- निकोलाइले भन्यो र फेरि कोमल स्वरमा भन्न थाल्यो - "तपाईं आइपुग्नु नभएसम्म मेरो मन शान्त हुनेछैन ।"

आमाले आश्चर्यपूर्वक उसलाई हेरिन् । उनीबारे किन ऊ यस्तरी चिन्ता गर्दैछ ? कमजोर आँखा भएको, कम्मर झुकेको, एउटा मामुली कोट लगाएको त्यो मान्छे आफ्नो टाउको झुकाएर त्यहाँ उभिइरहेको थियो र लज्जित हुँदै मुस्कुराइरहेको थियो । उसको समस्त पहिरन र ऊ आफैं पनि आमालाई बिलकुल पराइ लाग्यो...।

"तपाईंसँग पैसा छ ?"- उसले आँखा झुकाउँदै सोध्यो ।

"छैन ।"

उसले झट्ट खल्तीबाट पैसा राख्दै थैली निकाल्यो र थैली खोलेर भएभरको पैसा आमालाई दियो ।

"लौ, यो लिनोस्...।"- उसले भन्यो -

आमा अनायास मुस्कुराइन् ।

"तपाईंको त सब कुरा अनौठो हुन्छ ।"- आमाले टाउको हल्लाउँदै भनिन् - "तपाईंका लागि त पैसाको कुनै मोलै छैन । मान्छेहरू पैसाको लागि आफ्नो आत्मासम्म बेच्न तयार हुन्छन्, तपाईंको लागि चाहिं पैसाको कुनै महत्त्व नै छैन । मानौं मानिसहरूमाथि दया लागेर मात्र तपाईं पैसा लिएर हिंड्ने गर्नुहुन्छ...।"

निकोलाइ मुसुक्क हाँस्यो ।

"यो पैसा भन्ने चीज बडो खराब कुरा हो । लिन पनि असजिलो लाग्छ, दिन पनि असजिलो लाग्छ...।"

उसले बडो जोडले आमाको हात समायो ।

"सकेसम्म छिटो आउनुहोला ।" - उसले आमालाई याद दिलाउँदै भन्यो र सधैंजस्तो चुपचाप निस्क्यो ।

उसालाई बिदा गरिसकेपछि पनि आमा ढोकामा उभिइरहिन् र सोच्न थालिन् -

'कति भलाद्मी छ यो मान्छे । तर मलाई अलिकति पनि सान्त्वना दिएन...।'

उनले बुझ्न सकिनन् - यो कुरा उनको लागि अप्रिय थियो अथवा उनलाई आश्चर्य मात्रै लाग्दै थियो ।

निकोलाइ भेट्न आएको चौथो दिन उसकहाँ डेरा सर्ने उद्देश्यले आमा घरबाट निस्किन् । आफ्ना दुईवटा सन्दुक लादिएको गाडामा बसेर आमा खेतहरू भएर जाँदै थिइन् । अलिपर पुगेपछि आमाले पछाडि फर्केर हेरिन् । अकस्मात आमाले अनुभव गरिन्, मानौं उनी सधैंको लागि त्यो ठाउँ छोडेर जाँदै छिन्, जहाँ उनले आफ्नो जीवनको सबैभन्दा अन्धकारमय र कठीन समय बिताएकी थिइन् र जहाँ उनले जीवनको एक नयाँ गोरेटोमा पाइला टेकेकी थिइन्, जुन जीवनमा नयाँ सुखदुःख थियो र जसले गर्दा उनको समय छिटोछिटो बित्न थालेको थियो ।

फैक्ट्रीका चिम्नीहरू आकाशतिर मुख फर्काएर उभिएका थिए र स्वयम् फैक्ट्री भने ध्वाँसोले पोतिएको कुनै रातो माकुरा जस्तो कुच्चुक्क परेर जमिनमा बसिरहे जस्तो भान हुन्थ्यो । फैक्ट्रीको चारैतिर फैलिएको बस्तीमा मजदूरहरूका स-साना एकतल्ले घरहरू थिए । यी मैला, होचा घरहरू धापको एकदम किनारैमा उभिएका थिए र आफ्ना स-साना उदास झ्यालहरूबाट एक दोस्रोलाई दयनीय दृष्टिले हेरिरहेका थिए । यी घरहरूबीच फैक्ट्री जस्तै मैलो रातो रङको गिर्जाघर आफ्नो टाउको ठाडो पारेर उभिएको थियो तर गिर्जाघरको मीनार भने चिम्नीहरूभन्दा होचै थियो ।

आमाले लामो सुस्केरा हाल्दै आफ्नो ब्लाउजको कलर खोलिन्, उनलाई सास फेर्न मुश्किल परिरहेको थियो । "हिंड्, हिंड् ।" गाडावाल लगाम हल्लाउँदै भुतभुताइरहेको थियो । होचो कदको त्यस गाडावालको उमेर अन्दाज लगाउन मुश्किलै पर्थ्यो । उसका खुट्टाहरू टेढामेढा थिए, कपाल र दाढी अस्तव्यस्त थियो । उसका नीरस आँखामा कुनै चमक थिएन । ऊ गाडा सँगसँगै यसरी झुक्दै हिंडिरहेको थियो, मानौं दायाँ लाग्ने हो अथवा बायाँ, उसलाई कुनै सरोकार छैन ।

"हिंड् ।"- ऊ भावहीन स्वरमा दोहर्‍याउँथ्यो । गह्रौं बुटमा कसिएका उसका बाङाटिङा खुट्टाहरू अनौठो तरीकाले टेक्थे । उसको बुटमा लागेको हिलो जमेर सुकिसकेको थियो । आमाले चारैतिर हेरिन् । खेत पनि उनको हृदयजस्तै शून्य थियो...।

कडा घामले तातिएको बालुवाको बाक्लो तहमा गाडा तान्दै घोडा एकैनासले आफ्नो टाउको हल्लाउँदै गैरहेको थियो । बतासले घोडाको याल हल्लाउँदै थियो र सरसर आवाज आउँदै थियो । तेल नलगाइएको त्यो पुरानो गाडा चरमराउँदै थियो । धूलो र यो चरचर आवाज पछाडि छोड्दै गाडा अगाडि बढिरहेको थियो...।

निकोलाई इभानोभिच शहरको छेउमा रहेको एक सूनसान सडकमा बस्थ्यो । एउटा पुरानो, जर्जर भैसकेको दुईतल्ले घरसँग जोडेर एउटा अर्को सानो हरियो रङको एकतले घर बनाइएको थियो । त्यही घरको एक भागमा ऊ बस्थ्यो । उसको घर अगाडि एउटा सानो बगैंचा थियो । उनीहरू बसेका तीनैवटा कोठाहरूका झ्यालहरूभित्र बकैनो र बबुरका फूलहरू, भखरैका चिनारको रुखका चाँदी जस्तै टल्कँदा पातहरू चियाउँदै थिए । कोठाहरू सफा र शून्य थिए, भूईंमा रुखहरूका जालीदार छायाँहरू देखिन्थे, भित्ताहरूमा राखिएका किताबका दराजहरूमाथि गम्भीर अनुहार भएका मान्छेहरूका फोटोहरू टाँसिएका थिए ।

"यो कोठा कस्तो होला तपाईंको लागि ?"- निकोलाइले आमालाई एउटा सानो कोठाभित्र लैजाँदै सोध्यो । त्यस कोठाको एउटा झ्याल बगैंचातिर खुल्थ्यो र अर्को झ्याल चोकतिर पर्थ्यो, झ्याल अगाडि चोकमा झार उम्रिएको थियो । यस कोठामा पनि किताबका दराजहरू राखिएका थिए ।

"म त भान्सा-कोठामै सुतुँला ।"- आमाले भनिन् - "भान्सा-कोठा निकै सफा र उज्यालो रहेछ...।"

आमालाई लाग्यो उनको कुरा सुनेर निकोलाइ तर्सियो । जब उसले बडो असजिलो मान्दै, लाज मान्दै आमालाई त्यहीं कोठामा बस्न मनाउन थाल्यो, आमा सहमत भैहालिन् । निकोलाइ दङ पर्‍यो ।

तीनैवटा कोठामा एउटा विशेष वातावरण फैलिएको थियो, सास फेर्न सजिलो थियो र रमाइलो लाग्थ्यो तर कोठाभित्र पस्दा सानो स्वरले बोल्ने इच्छा हुन्थ्यो, कहीं ती भित्ताहरूबाट हेरिरहेका मानिसहरूको मनमा खलबली पर्न नजाओस् ।

"फूलहरूमा पानी हाल्नु पर्‍यो ।"- आमाले झ्यालमा राखिएका गमलाहरूको माटो हातले छाम्दै भनिन् ।

घरधनीले अपराधीले जस्तो भन्यो ।

"हो, हो पर्छ । मलाई फूलको बडो शोक छ, तर हेरिविचार गर्ने फुर्सद नै पाउन्न...।"

आमालाई लाग्यो यस्तो सुविस्ताको घरमा पनि निकोलाइ असजिलो मान्दै हिंड्छ, सब कुरा उसको लागि बिरानो र अपरिचित जस्तो देखिन्छ । ऊ कोठामा राखिएका विभिन्न कुराहरूको नजीक जान्थ्यो र दाहिने हातका पातला औंलाहरूले चश्मा मिलाउँदै हेर्न थाल्यो । जुनसुकै कुराप्रति आफ्नो ध्यान आकर्षित भए पनि ऊ बडो जिज्ञासापूर्वक हेर्थ्यो, कहिलेकाहीं ऊ कुनै कुरा टिप्थ्यो र आँखा अगाडि लगेर बडो ध्यानपूर्वक हेर्थ्यो । आमा जस्तै ऊ पनि पहिलोपल्ट यस घरभित्र पसेको छ र उसको लागि पनि यहाँको सब कुरा नौलो र अपरिचित छन् जस्तो भान हुन्थ्यो । आमा उसको पछाडि-पछाडि जाँदै थिइन् र कुन कुरा कहाँ राखिएको छ भन्ने याद गर्दै उसको दिनचर्याबारे सोध्ने गर्थिन् । ऊ चाहिं अपराधीले जस्तो जवाफ दिन्थ्यो- त्यो अपराधी जसलाई थाहा छ, ऊ सब कुरा गलत तरीकाले गर्दैछ, तर अर्को तरीका उसलाई थाहा पनि छैन ।

आमाले गमलाहरूमा पानी हालिन् र पियानोमा छरिएका संगीतका नोटका पानाहरू बटुलेर राखिसकेपछि सामोभारतिर हेर्दै भनिन् -

"सफा गर्नुपर्छ ...।"

उसले त्यो रङ उडिसकेको भाँडो औंलाले छाम्यो र औंला नाक अगाडि लगेर बडो ध्यान दिएर हेर्न थाल्यो । आमा स्नेहपूर्वक हाँसिन् ।

त्यस रात सुत्नको लागि बिछ्यौनामा पल्टेपछि आमाले दिनभरि घटेका घटनाहरूबारे विचार गर्न थालिन् । एकछिनपछि उनले टाउको उठाइन् र कोठाको चारैतिर हेरिन् । जिन्दगीमा पहिलोपल्ट उनी अर्काको घरमा रात बिताउँदै थिइन्, तर उनलाई अलिकति पनि संकोच लागिरहेको थिएन । उनी बडो प्रेमपूर्वक निकोलाइबारे सोच्दै थिइन्, उनको हृदयमा उसलाई सुखी बनाउने, उसप्रति यस्तो स्नेह देखाउने इच्छा पैदा भयो, जसले गर्दा उसको जीवन सुखी र शान्त होस् । उसको लजाउने बानी, हाँस्यापद लाचारी, सामान्य कुराप्रति उसको विरक्ति र उसका ती विवेकशील निर्मल आँखाहरूले जसमा बालकको जस्तो निर्बोध चमक हुन्थ्यो, आमाको भित्री हृदय छोएको थियो । फेरि आफ्नो छोराबारे सोच्न थालिन् र उनका आँखा अगाडि पहिलो मेका उनै घटनाहरू घुम्न थाले । अब ती घटनाहरूमा एक

क्रमशः चौथो पृष्ठमा

# साइबर सुरक्षाको चुनौती र प्रदेश सरकार

**विचार दृष्टिकोण**

**गंगानारायण श्रेष्ठ**

विश्व समुदाय प्रविधिमैत्री मात्रै छैन, प्रविधि नियन्त्रित पनि बन्दै गएको छ। यस्तो अवस्थामा साइबर सुरक्षाको महत्व झनै बढेर गएको छ। साइबर सुरक्षा यति पेचिलो विषय बन्दैछ कि आगामी दिनमा भौतिक आक्रमणका घटनाभन्दा बढी साइबर अपराधका घटना बढी हुनेछ। अबको दुनियाँमा आमनागरिक, प्रशासनिक संरचना र राजनीतिक नेतृत्वलाई डिजिटल साक्षर नबनाई सूचना प्रविधिको विकास र विस्तार हुनै सक्दैन।

डिजिटल साक्षरताको क्षेत्र आफैँमा व्यापक छ। युरोपेली सङ्घले कुनै पनि व्यक्ति डिजिटल साक्षर हुन उसमा २१ वटा फरक फरक क्षमता हुनु पर्छ भनेको छ। यस्ता २१ वटा क्षमतालाई ५ वटा समूहमा छुट्टयाइएको छ। यीमध्येको एउटा समूह हो, डिजिटल सुरक्षा। डिजिटल सुरक्षालाई साइबर सुरक्षा भनेर पनि बुझिन्छ। इन्टरनेट वा डिजिटल प्रविधिको प्रयोगमा धेरै सुरक्षा चुनौती छन्।

राजनीतिक, सामाजिक र आर्थिक संरचनाका सबै तहमा साइबर सुरक्षाका चुनौती थपिँदै गएका छन्। एउटा व्यक्तिको तहदेखि, निश्चित समुदाय, क्षेत्र, देश र अन्तर्राष्ट्रिय स्तरसम्मै विभिन्न प्रकृति र प्रवृत्तिका साइबर सुरक्षाका नयाँनयाँ चुनौती आउन थालेका छन्। साइबर सुरक्षाको सचेतना नागरिक तहमा फैलाउनु पर्ने हुन्छ। तीनै तहका सरकार, गैरसरकारी संस्था, निजी तथा व्यावसायिक प्रतिष्ठानहरू र आमनागरिकको सहकार्यले नै यसलाई सफलतातिर डोऱ्याउने हो।

कम्प्युटर प्रणालीमा रहेको डाटालाई विश्वमा सुनका रूपमा गणना गर्न थालिएको छ। त्यही सुन जस्तै महंगो डाटा इन्टरनेट र कम्प्युटर नेटवर्कभित्र रहेका हुन्छन्। पछिल्लो समय इन्टरनेट र कम्प्युटर नेटवर्कभित्र प्रवेश गरेर अनधिकृत रूपमा पहुँच स्थापित गरी चोरी गर्ने र क्षति पुरयाउने प्रवृत्ति बढदै गएको छ। त्यस्तो अनधिकृत पहुँच स्थापित गर्नुलाई अपराध साइबर मानिन्छ, त्यस्तो अनधिकृत पहुँच स्थापित गर्ने व्यक्ति वा समूहलाई साइबर अपराधी भनिन्छ। त्यस्तो अनधिकृत पहुँच स्थापित गर्न नदिने र अनधिकृत पहुँच स्थापित गर्नेलाई कानुनको दायरामा ल्याउने र अन्य सुरक्षाका उपाय अवलम्बन गरिने प्रणालीको बिकास गर्नुलाई साइबर सुरक्षा भनिन्छ। डाटा र डिजिटल डिभाइसको सुरक्षा गर्न सक्दा मात्र कुनै पनि समाज वा मुलुकले सुरक्षित महसुस गर्न सक्छ।

नेपाल प्रहरीको साइबर व्युरोमा दर्ता हुने गरेका उजुरीका घटनामा भएको वृद्धिले यो तथ्यलाई पुष्टी गर्छ। साइबर अपराधका घटना नेपालमा बढिरहेका कारण काठमाडौ जिल्ला अदालतमा मात्रै सुनुवाई हुँदै आएको साइबर अपराधसँग सम्बन्धित मुद्दालाई नेपालमा सबै जिल्ला अदालतमा सुनुवाई गर्न सक्ने गरी नेपाल सरकारले निर्णय गरेको छ।

साइबर अपराध बढेसँगै साइबर सुरक्षालाई विकेन्द्रित गर्दै लैजानु पर्ने भएकाले प्रादेशिक संरचनालाई बलियो बनाउँदै लैजान सक्दा मात्रै सङ्घीयता सुदृढ हुन सक्छ। सङ्घीयतालाई सुदृढ गरेर नै नेपाललाई बलियो बनाउन सकिन्छ। साइबर सुरक्षा प्रणालीलाई बलियो बनाउनका लागि केही सुरक्षाकर्मीलाई जिम्मेवारी सुम्पेर पुग्दैन। साइबर सुरक्षामा परिचालित सुरक्षाकर्मीलाई पनि समयानुकल प्रशिक्षित गरिराख्नु पर्छ। सूचना प्रविधि विषय नै यस्तो हो, जुन विषयमा एक पटक पढेर पुग्दैन, पलपलमा हुने विकास र परिवर्तनका बारेमा जानकारी हासिल गरिराख्नु पर्छ। साइबर सुरक्षामा खटिइने जनशक्ति अपडेट र अपग्रेड भइराख्नुपर्छ।

साइबर सुरक्षामा चुनौती खडा गर्ने समूह राष्ट्रिय तथा अन्तराष्ट्रिय जहाँ सुकैको हुन सक्छ। त्यो विषयमा सङ्घसँग समन्वय गरी सामना गर्न सक्ने संयन्त्र प्रदेश तहमा आवश्यक हुन्छ। प्रदेशमा प्रादेशिक सूचना प्रविधि आकस्मिक सहायता समूह गठन गरी क्रियाशील तुल्याउनु पर्नेछ। त्यो समूहलाई प्रदेशभरका स्थानीय तहको साइबर सुरक्षाको नियमित अनुगमन गर्ने संयन्त्र बनाउन सकिन्छ।

साइबर सुरक्षामा आन्तरिक र बाह्य समन्वयको जिम्मेवारी सङ्घीय सरकारले लिनुपर्छ। संविधानको मर्म पनि त्यही हो। सुरक्षा चुनौतीको आँकलन गरी आवश्यक कारबाहीका लागि सङ्घमा पठाउने, प्रदेशभित्रको साइबर सुरक्षा चुनौतीको सामना गर्ने र त्यसको मूल्याङ्कन गरी आपसी समझदारीमा आवश्यक कारवाही गर्न सक्ने नीतिगत व्यवस्था र संरचना हुनु आवश्यक हुन्छ। साइबर सुरक्षाको सचेतना नागरिक तहमा फैलाउनु पर्ने हुन्छ। त्यो काम प्रदेश र स्थानीय तहले जति तल्लो तहमा पुरयाउन सक्छन् सङ्घीय सरकारले सक्दैन। उदाहरणका लागि, सफट्वेयरको विकासमा एकरूपता ल्याउने, डिजिटल सिग्नेचरलाई व्यवस्थित गर्ने, डाटा सुरक्षामा आवश्यक व्यवस्था गर्ने, त्यस्तो काम गर्न सक्ने जनशक्ति उत्पादन गर्न सीप र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नु पर्ने हुन्छ।

केन्द्रीय डाटा सेन्टरलाई सुरक्षित गर्न पनि प्रादेशिक तहमा साइबर सुरक्षा अप्रेसन सेन्टर राख्न आवश्यक हुन्छ। प्रादेशिक तहमा स्थापना हुने डाटा सेन्टरलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न र डाटाको सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न पनि प्रदेश तहमा दक्ष जनशक्ति आवश्यक हुन्छन्। त्यसलाई प्रोत्साहन गर्ने नीति सङ्घ र प्रदेशले बनाउनु पर्ने हुन्छ। डाटा माथि निगरानी राख्ने र प्रणालीमा कसैले क्षति पुरयाउन लागे नलागेको बारेमा अनुगमन गर्ने व्यवस्था गराउनु पर्ने हुन्छ। प्रदेश तहले गर्न सक्ने काम तत्कालै सुरक्षा गर्ने र प्रदेशले गर्न नसक्ने र अन्तराष्ट्रिय मुद्दा जोडिएर आएमा संघीय सरकारसँग समन्वय गर्ने गराउने व्यवस्था मिलाउन आवश्यक हुन्छ। साइबर सुरक्षासँग सम्बन्धित सूचना सङ्कलन गर्न पनि दक्ष जनशक्ति आवश्यक हुन्छ। दक्ष जनशक्ति उत्पादन गर्न प्रदेशलाई परिचालन गर्न सकिन्छ।

सङ्घीय नीतिमा तालमेल मिलाएर प्रदेश र स्थानीय विशेषताका आधारमा साइबर सुरक्षा रणनीति लागू गर्नु पर्ने हुन्छ। उक्त रणनीतिमा मेल खानेगरी ऐन कानुनहरू निर्माण गर्नु पर्ने हुन्छ। त्यस्तो विषयमा सङ्घीय सरकारले प्रोत्साहित गर्ने नीति बनाउनु पर्ने हुन्छ। साइबर सुरक्षा प्रदेश सरकारको पनि क्षेत्राधिकारभित्रको विषय हो। त्यसैले साइबर सुरक्षाका बारेमा सङ्घीय सरकारलाई मात्र पर्खिएर हुँदैन, प्रदेश सरकारले पनि केही गर्नुपर्छ भन्ने लागिपरेको छ।

**साइबर सुरक्षामा आन्तरिक र बाह्य समन्वयको जिम्मेवारी सङ्घीय सरकारले लिनुपर्छ। संविधानको मर्म पनि त्यही हो। सुरक्षा चुनौतीको आँकलन गरी आवश्यक कारबाहीका लागि सङ्घमा पठाउने, प्रदेशभित्रको साइबर सुरक्षा चुनौतीको सामना गर्ने र त्यसको मूल्याङ्कन गरी आपसी समझदारीमा आवश्यक कारवाही गर्न सक्ने नीतिगत व्यवस्था र संरचना हुनु आवश्यक हुन्छ।**

समग्रमा साइबर सुरक्षाको नेतृत्व सङ्घीय सरकारले गर्ने र चुनौतीको सामना गर्न आवश्यक कार्य गर्न प्रदेश र स्थानीय तहलाई परिचालन गर्ने योजना बनाउनु पर्ने हुन्छ। सङ्घीय सरकारले साइबर सुरक्षा नीति बनाइरहेको बुझिन आएको छ। उक्त नीतिमा संस्थागत संरचना बनाउँदा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ। एकात्मक चिन्तन र सोचले साइबर सुरक्षा हुन सक्दैन। त्यसैले सङ्घीय नीति बनाउँदा संविधानको मर्म र भावनालाई आत्मसात् गर्नु पर्ने हुन्छ।

नेपालको संविधान, २०७२ ले निर्देशित गरेअनुसार बनेको प्रदेश कार्यविभाजन नियमावलीले सूचना प्रविधि क्षेत्रको प्रवर्द्धन र डिजिटल साक्षरताको विषयलाई प्रदेश सरकारको पनि जिम्मेवारीभित्र समेटेको छ। साइबर सुरक्षा रणनीति, नीति र कानुन बनाएर कार्यान्वयन गर्न निर्देशक समितिमा साइबर सुरक्षा विज्ञ त रहन्छन नै, प्रदेशमा सञ्चार हेर्ने मन्त्री, गाउँपालिका महासङ्घ र नगरपालिका सङ्घको प्रतिनिधि रहन आवश्यक हुन्छ। साइबर सुरक्षाको समन्वय तथा सहजीकरण समितिमा प्रदेशका सञ्चार हेर्ने मन्त्रालयका सचिवको प्रतिनिधित्व हुनु पर्ने हुन्छ। राष्ट्रिय साइबर सुरक्षा रणनीतिक कार्य समूहमा प्रदेशको सञ्चार हेर्ने निकायको प्रमुखको प्रतिनिधित्व हुनु पर्ने हुन्छ। त्यसो हुँदा सङ्घ र प्रदेशमा समन्वय हुन्छ र जुनसुकै स्थानीय तहलाई पनि त्यही संयन्त्रभित्र ल्याउन उपयुक्त हुन्छ।

बागमती प्रदेशमा सूचना प्रविधि र साइबर सुरक्षासँग सम्बन्धित विषयमा कानुन निर्माण गरी कार्यान्वयनमा लैजाने तयारीमा छ। सङ्घीय साइबर सुरक्षा नीति आएसँगै हामी प्रदेशमा पनि साइबर सुरक्षासँग सम्बन्धित बिषयमा सरोकारवालासँग छलफल गरी कार्यान्वयन गर्न सकिने कानुन निर्माण गर्नेछौँ। सूचना प्रविधिको विकास र यसले निम्त्याएका चुनौतीको सामना एक्लै गर्न सकिन्न, प्रदेश, स्थानीय तह र सङ्घ मिलेर नै सामना गर्नुपर्ने हुन्छ।



# ... आमा– ८

नयाँ गुन्जन थियो, एक नयाँ महत्त्व थियो । त्यस दिन जस्तै आजको पीडामा पनि कुनै विशेष कुरा थियो । यस पीडाले टाउको झुकाउन वाध्य गर्दैनथ्यो जस्तो कुनै प्रवल आघातले झुकाउँछ । यस पीडाले बारम्बार हृदयमा घोच्थ्यो, र बिस्तारै एक त्यस्तो रोष पैदा गर्थ्यो जसले झुकेको कम्मर पनि सीधा पार्थ्यो ।

'हाम्रा बच्चाहरू संघर्षको मैदानमा उत्रँदै छन् ।'- आमा सोच्दै थिइन् । उनी बगैंचाका पातहरूलाई छेड्दै खुल्ला झ्यालहरूबाट भित्र पसिरहेका शहरका ती रात्रिकालीन अपरिचित आवाजहरू सुनिरहेकी थिइन् । ती थकित र क्षीण आवाजहरू कतै टाढाबाट आइरहेका थिए र कोठामा पुगेपछि बिलाउँथे ।

बिहान सबेरै आमाले सामोभार माझिन् र चियापानी बसालिन् । बिहानको खानाको लागि चुपचाप टेबुलमा खाना सजाइसकेपछि उनी निकोलाइ उठ्ने प्रतीक्षा गर्न थालिन् । केही बेरपछि निकोलाइले खोक्दै आफ्नो कोठाको ढोका खोल्यो । उसले एक हातले चश्मा र अर्को हातले कमीजको कलर समाएको थियो । उनीहरूले एक दोस्रोको अभिवादन गरे र आमाले सामोभार लगेर अर्को कोठामा राखिन् । निकोलाइ हात मुख धुँदै थियो, भुईंमा जताततै पानी उछिट्टिरहेको थियो, आफ्नो साबुन र दाँत माझ्ने ब्रुस पनि उसले खसाल्यो र आफ्नो यस बेवकुफीप्रति ऊ बडबडाउन थाल्यो ।

निकोलाइले चिया पिउँदै भन्यो -

"ग्रामीण बोर्डमा म एउटा सान्है नरमाइलो काम गर्दैछु । त्यो हो 'कसरी हाम्रा किसानहरू बर्वाद हुँदै छन्,' भन्ने विषयमा अध्ययन...।"- ऊ अपराधी जस्तो मुस्कुराउँदै थियो - "भोकले गलेका मान्छेहरू असामयिक मृत्युको शिकार हुन्छन् र शरद् ऋतुमा झिँगा मरेजस्तो मर्छन् । हामीलाई यी सब कुरा थाहा छ र यस दुर्भाग्यको कारण पनि थाहा छ । यस अध्ययनको लागि म तलब पाउँछु र यसभन्दा बढी केही काम हुँदैन...।"

"के तपाईं पढ्ने काम गर्नुहुन्छ ?"- आमाले सोधिन् ।

"होइन, म पढाउने काम गर्छु । मेरो बुबा भ्यात्का शहरको एउटा फैक्ट्रीमा मेनेजर हुनुहुन्छ, मैलेचाहिं मास्टरी पेशा रोजें । गाउँ गाउँमा गएर किसानहरूलाई किताब बाँड्न थालें र कामको लागि जेल पनि परें । जेलबाट निस्केपछि किताब पसलमा काम गर्न थालें तर आफ्नै लापरवाहीले गर्दा फेरि जेल परें र त्यसपछि अर्खानगेल्स्कमा निर्वासित भएँ । त्यहाँ पनि गभर्नरसँग खटपट भयो, त्यहाँबाट स्वेत सागरको किनारमा रहेको एउटा गाउँमा निर्वासित भएँ । त्यस गाउँमा मैले पाँच वर्ष बिताएँ ।"

घामले भरिएको त्यो उज्यालो कोठामा उसको स्वर निर्वाध रूपमा प्रवाहित हुँदै थियो । आमाले यस्ता धेरै कथाहरू सुनिसकेकी थिइन् तर उनले कहिल्यै पनि बुझ्न सकेकी थिइनन् । कसरी यी मान्छेहरू त्यति शान्तिपूर्वक आफ्नो कथा सुनाउन सक्छन्, मानौं उनीहरू कुनै अनिवार्य कुराको उल्लेख गर्दैछन् ?

"आज मेरी दिदी आइपुग्नुहुन्छ ।"- निकोलाइले भन्यो ।

"विवाहिता ?"

"होइन, विधवा । भिनाज्यू साइबेरिया निर्वासित हुनुभएको थियो, त्यहाँबाट भाग्नुभयो र दुई वर्ष अगाडि क्षय रोगले विदेशमा उहाँको देहावसान भयो...।"

"कति वर्ष पुग्नुभो तपाईंको दिदी ?"

"म भन्दा ६ वर्ष जेठी हुनुहुन्छ । म बडो आभारी छु आफ्नी दिदीप्रति । तपाईं एकपल्ट सुनेर मात्र त हेर्नोस् उहाँ कसरी पियानो बजाउनुहुन्छ ? यो उहाँकै पियानो हो... यहाँका धेरै चीजबीजहरू दिदीकै हो । किताबहरू मात्रै मेरा हुन्...।"

"कहाँ बस्नुहुन्छ नि दिदी ?"

"जहाँ पायो त्यहीं ।"- उसले मुस्कुराउँदै जवाफ दियो - "जहाँ साहसी मान्छेको जरुरत पर्छ, त्यहीं पुग्नुहुन्छ ।"

"उहाँ पनि यही काम गर्नुहुन्छ ?"- आमाले सोधिन् ।

"अनि त ।"- उसले भन्यो ।

ऊ छिट्टै काममा गयो र आमा 'त्यस काम' बारे र ती मानिसहरूबारे सोच्न थालिन् जो रात-दिन निरन्तर त्यसमा लागेका हुन्छन् । उनीहरूको अगाडि उनलाई आफू धेरै तुच्छ लाग्यो । जस्तो रातको समय पहाड अगाडि उभिएका मान्छे आफूलाई तुच्छ सम्झन्छ ।

दिउँसोतिर अग्लो, सुडौल जीउ भएकी मेमसाहेब आइपुगिन्, उनले कालो स्कर्ट लगाएकी थिइन् । आमाले ढोका खोलिन् । आगन्तुकले भित्र पस्नासाथ आफ्नो सानो पहेंलो सुटकेश भुईंमा फालिन् र अगाडि बढेर आमाको हात समाइन् ।

"तपाईं पाभेल मिखाइलोभिचकी आमा होइन ?"- उनले सोधिन् ।

"हो ।"- त्यस आइमाईको राम्रो लुगा देखेर अलमल्ल पर्दै आमाले जवाफ दिइन् ।

"तपाईं मैले ठानेकी जस्तै हुनुहुँदो रहेछ । भाइले लेखेको थियो तपाईं यहाँ बस्न आउँदै हुनुहुन्छ ।"- आइमाईले ऐना अगाडि उभिएर आफ्नो टोप फुकाल्दै भनिन् -"पाभेल मिखाइलोभिच मेरो पुरानो साथी हो । उसले मलाई तपाईंबारे बताएको थियो ।"

उनको आवाज अलि धोत्रे थियो र बिस्तारै बोल्ने गर्थिन्, तर हेर्दा निकै फुर्तिलो र तगडा देखिन्थिन् । उनका खैरा आँखामा जवानीको चमक थियो, तर कन्चटमा चाउरी देखा पर्न थालिसकेको थियो र कानमाथि सेता रौंहरू चम्कँदै थिए ।

"भोक लाग्न थाल्यो ।"- आइमाईले भनिन् । "एक कप कफी पिउन पाए हुन्थ्यो...।"

"म तुरुन्तै बनाइदिन्छु ।" आमाले भनिन् । दराजबाट कफीका भाँडाहरू निकाल्दै आमाले सोधिन् - "तपाईं भन्दै हुनुहुन्थ्यो, पाभेलले मेरो विषयमा करा गरेको थियो ?"

"धेरै पल्ट...।"- त्यस आइमाईले सानो छालाको ब्यागबाट चुरोट निकालेर सल्काउँदै जवाफ दिइन् र कोठामा ओहोर-दोहोर गर्न थालिन् ।

"तपाईंलाई असाध्यै पीर लागेको छ उसको ?"- उनले सोधिन् ।

आमा कफीको भाँडामुनि स्टोभबाट निस्किरहेका स-साना नीला लपेटाहरूतिर हेर्दै मुस्कुराइन् । त्यस आइमाईलाई देखेर सुरुमा आमालाई असजिलो लागेको थियो तर अहिले खुशीको प्रवाहमा उनको यो असजिलोपना गायब भयो ।

'त्यसो भए उसले मेरो विषयमा कुरा गरेको रहेछ, मेरो प्यारो छोरा ।'- आमाले मनमनै सोचिन् । फेरि बिस्तारै भन्न थालिन् - "हो, किन पीर नलाग्नु र । यी सब कुराको बानी पर्न गाह्रै पर्दोरहेछ, तर पहिले त झन् गाह्रो पर्थ्यो होला । अब त ऊ एक्लो छैन भन्ने कुरा मलाई थाहा भैसकेको छ...।"

आमाले त्यस आइमाईतिर हेर्दै सोधिन्ः

"तपाईंको नाम ?"

"सोफिया ।"- उनले जवाफ दिइन् ।

आमाले उनलाई बडो ध्यानपूर्वक हेरिन् । त्यस आइमाईमा एक अनौठो व्यापकता थियो- एक अपार चञ्चलता ।

छिटोछिटो कफी पिउँदै उनले दृढतापूर्वक भनिन् -

"सबैभन्दा मुख्य कुरा हो उनीहरू सबै सकेसम्म छिटो जेलबाट छुट्न, जति छिटो मुद्दा सकियो त्यति राम्रो । उनीहरूले निर्सिनमा पठाउनासाथ हामी पाभेल मिखाइलोभिचको लागि भाग्ने प्रवन्ध मिलाउन थाल्नेछौं । यहाँ उसको जरुरत छ ।" आमाले अविश्वासपूर्वक सोफियातिर हेरिन्, सोफिया चुरोटको ठुटो फाल्ने ठाउँ खोज्दै थिइन् । अरू कनै ठाउँ नभेट्टाएर उनले गमलाको माटोमा चुरोटको ठुटो फाल्ने ठाउँ खोज्दै थिइन् ।

"यसरी त फूल बिग्रन्छ ।"- आमाको मुखबाट अनायास निस्क्यो ।

"माफ गर्नोस् ।"- सोफियाले भनिन् - "निकोलाइ पनि मलाई सधैं यही भन्ने गर्छ ।"- उनले गमलाबाट ठुटो निकालिन् र झ्यालबाट बाहिर फालिदिइन् ।

आमाले असजिलो मान्दै सोफियाको मुखमा हेरिन् र लज्जित हुँदै भनिन् -

"होइन, तपाईं मलाई माफ गर्नोस् । सोच विचारै नगरी बोलिदिन्छु । म कसरी तपाईंलाई सिकाउन सक्छु र- के गर्नुहुन्छ र के गर्नु हुँदैन ?"

"म यस्ती फोहरी छु भने किन गाली नगर्नु र ?"- सोफियाले कुम हल्लाउँदै भनिन ।

"कफी तयार भयो ? धन्यवाद । किन एउटा मात्रै कप नि ? के तपाईं पिउनुहुन्न ?"

अचानक आमाको काँध समाएर आफूतिर तान्दै सोफियाले तिनको आँखामा हेरिन् ।

"के तपाईं साँच्चै लाज मान्दै हुनुहुन्छ ।" सोफियाले सोधिन् ।

आमाले मुस्कुराउँदै जवाफ दिइन् ।

"भर्खरै मात्र मैले तपाईंलाई ठुटोको कुरामा गाली गरें, तपाईंचाहिं भन्नुहुन्छ म लाज मान्छु ।"

आफ्नो आश्चर्य लुकाउने कुनै प्रयास नगर्दै उनले भनिन् - "हिजो मात्र म तपाईंहरूकहाँ बस्न आएँ, मलाईचाहिं यही मेरो घर हो जस्तो लाग्न थालिसकेको छ । मलाई कुनै कुराको डर लाग्दैन, मनमा जे लाग्यो त्यही कुरा भनिदिन्छु...।"

"यस्तै त हुनुपर्छ ।"- सोफियाले खुशी हुँदै भनिन् ।

"अब त मेरो टाउको पनि रिङ्गिन थालिसक्यो, आफैंले आफूलाई चिन्न छोडिसकेकी छु ।"- आमा भन्दै थिइन् - "पहिले जबसम्म कुनै मान्छेसँग राम्ररी हेलमेल हुँदैनथ्यो, मनको केही कुरा खोल्न सक्दिनथें । तर अबचाहिं सधैं हृदय खुल्ला रहन्छ र एकैचोटि त्यस्तो कुरा गरिदिन्छु, जुन पहिले म सोच्नसम्म पनि सक्दिनथें ...।"

सोफियाले फेरि चुरोट सल्काइन् र आफ्ना चम्किला, खैरा आँखाले बडो कोमलतापूर्वक आमातिर हेर्न थालिन् ।

"तपाईं भन्दै हुनुहुन्थ्यो पाभेलको भाग्ने बन्दोबस्त मिलाउन सकिन्छ ? तर यसरी भागेर ऊ बस्छ नै कहाँ ?"- आमाले सोधिन् । यस प्रश्नले उनलाई अघिदेखि नै सताइरहेको थियो ।

"यो कुनै गाह्रो काम होइन ।"- सोफियाले अर्को एक कप कफी खन्याउँदै जवाफ दिइन् - "जसरी अरू दर्जनौं भागेर आएका मानिसहरू लुकेर बस्ने गरेका छन्, ऊ पनि त्यसरी नै लुकेर बस्नेछ...। अहिले भर्खरै मात्र त्यस्तै एकजना मान्छेलाई भेटेर उसको बस्ने बन्दोवस्त मिलाएर आएकी छु, निकै काम लाग्ने मान्छे छ, पाँच वर्षको सजायँ पाएको थियो तर साँढे तीन महीनाभन्दा बढी उसले निर्वासनमा बिताएन...।"

आमाले एकछिनसम्म सोफियालाई हेरिरहिन् र मुस्कुराउँदै, फेरि टाउको हल्लाउँदै बिस्तारै भनिन् -

"मई दिवसले मलाई कुनै जादु गरिदिए जस्तो लाग्न थालेको छ, । होस हवासै ठीक छैन- एकैचोटी दुई बाटोमा हिंडिरहे जस्तो लाग्छ मलाई । कहिले लाग्छ, म सब कुरा बुझ्छु तर अकस्मात सब कुरा धमिलो हुन थाल्छ । अहिले नै हेर्नोस् न तपाईं घरानियाँ परिवारकी छोरीबेटी, यस्तो काम गरेर हिंड्नुभएकी छ...। तपाईं मेरो पाभेललाई चिन्नुहुन्छ र उसको कदर गर्नुहुन्छ, यसको लागि तपाईंलाई धेरैधेरै धन्यवाद....।"

"होइन, धन्यवाद त मैले पो दिनुपर्छ ।"- सोफियाले हाँस्दै भनिन् ।

"मैले के गरेकी छु र ?" आमाले लामो सास फेर्दै भनिन् ।

सोफियाले प्लेटमा चुरोटको ठुटो निभाउँदै यसरी आफ्नो टाउको हल्लाइन्, मानौं उनका कपालका सुनौला लटहरू फुस्केर कम्मरसम्म आइपुगे ।

"अब गएर म आफ्नो यो सब चहकमहक फुकालेर आउँछु ।" कोठाबाट निस्कँदै उनले भनिन् ।

३

साँझतिर निकोलाइ घर फर्क्यो र बेलुकीको खाना खाँदै सोफियाले उनीहरूलाई हाँस्दै बताइन् । कसरी उनले निर्वासनबाट भागेर आएको मान्छेलाई लुक्न मद्दत गरेकी थिइन्, कसरी उनलाई जासुसी पुलिसको डरले सताएको थियो र हरेक मान्छेलाई शंकाको दृष्टिले हेर्न थालेकी थिइन्, त्यो भागेर आएको मान्छे कस्तो हास्यास्पद व्यवहार गर्दैथियो...। आमाले सोफियाको आवाजमा त्यही गर्वको झलक पाइन् जुन कुनै कठिन काम सक्याइसकेपछि त्यस कामबारे बताइरहेको मजदूरको आवाजमा भेट्टाइन्छ ।

अहिले सोफियाले इस्पाती रङको हलुका, चौडा फ्रक लगाएकी थिइन् । यस पहिरनले गर्दा उनी झन् अग्ली देखिन्थिन् र उनका आँखा पनि झन् काला लाग्थे । उनको चालमा पनि बढी गम्भीरता देखिन्थ्यो ।

"सोफिया, तिम्रो लागि एउटा अर्को काम छ ।"- खाना खाइसकेपछि निकोलाइले भन्यो - "हामी किसानहरूको लागि एउटा अखबार निकाल्ने तरखरमा छौं भन्ने कुरा मैले तिमीलाई बताएको थिएँ, तर यता धेरै मान्छेहरू गिरफ्तार भएकाले त्यस व्यक्तिसँग सम्बन्ध राख्न सकिएको छैन । जसले यी अखबारहरू बाँड्ने काम जिम्मा लिनुपर्थ्यो । त्यस व्यक्तिको पत्ता लाउन पेलागेया नीलोभ्नाले मद्दत गर्नु हुनेछ । तिमीले उहाँसँग गाउँ गएर सकेसम्म छिटो, त्यस मान्छेको पत्ता लाउनुपर्‍यो ।"

"ठीक छ ।"- सोफियाले चुरोट पिउँदै भनिन् - "जाने होइन त पेलागेया नीलोभ्ना ?"

"हो, किन नजानु र...।"

"टाढा छ ?"

"लगभग पचास माइल जति होला...।"

"ठीक छ...। लौ त अब एकछिन पियानो बजाउँछु । पेलागेया नीलोभ्ना, तपाईं एकछिन मेरो संगीत सुन्न सक्नुहुन्छ ?"

"मेरो पीर नगर्नोस्, ठान्नोस् म यहाँ छैन ।"- कोचको एउटा कुनामा बस्दै आमाले भनिन् । दिदी भाइ उनीतिर कुनै ध्यान दिइरहेका छैनन् जस्तो लाग्थ्यो, तर उनीहरू चालै नपाइने गरी उनलाई पनि आफ्नो वार्तालापमा सम्मिलित गराउने कोशिश गर्दै थिए ।

"निकोलाइ सुन, यो ग्रीग हो । मैले आजै लिएर आएकी... झ्याल बन्द गर त ।"

उनले स्वर लिपि खोलेर आफ्नो अगाडि राखिन् र बायाँ हातले पियानो बजाउन सुरु गरिन् । पियानोका तारहरू झन्कन थाले र एक हलुको सुस्केरा सहित अर्को स्वर पियानोको गुन्जायमान आवाजसँग आफ्नो आवाज मिलाउँदै गाउन थाल्यो । उनका दाहिने हातका औंलाहरू मुनिबाट सुनको घण्टी बजेजस्तो आवाज आउन थाल्यो । मन्द स्वरको गहन पृष्ठभूमिमा यो सुनौलो सुर भयभीत चराहरूको बगाल जस्तै फटफटाउँदै यताउता दौडिरहेको थियो ।

सुरुमा आमालाई त्यस संगीतको प्रभाव परेन, संगीतको प्रवाह उनको लागि आवाजहरूको जमघट मात्र थियो । त्यस जटिल संगीतको धुन टिप्न उनी असमर्थ थिइन् । अर्ध निन्द्रावस्थामा उनी निकोलाइतिर हेर्दै थिइन्, जो कोचको अर्को छेउमा खुट्टा खुम्च्याएर बसेको थियो । अब आमा सोफियाको गम्भीर अनुहारमा एकटकले हेर्दै थिइन्, आमाको दृष्टि सोफियाको सुनौला कपालमा पर्‍यो । सोफियाको टाउको र काँधमा आफ्नो न्यानो ज्योति फैलाउँदै सूर्यको किरण पियानोका पर्दाहरूमा पर्थे र उनका औंलाहरूसँग लुकामारी खेल्थे । संगीत बिस्तारै कोठाको वातावरणमा फैलिंदै थियो र आमाले चालै नपाउने गरी उनको हृदय घचघच्याउन थालेको थियो ।

किन हो अतितको अन्धकारमय खाडलमा एक चिरविस्मृत गहन वेदनाले कोल्टे फेर्न थाल्यो र एक कटु स्पष्टतासहित फेरि ताजा हुन थाल्यो ।

एकदिन उनको लोग्ने राती धेरै अवेला रक्सीले चूर भएर घर फर्केको थियो । उसले आमाको हात समातेर बिछ्यौनाबाट घिसार्दै उनलाई भुईंमा हुत्याइदियो र त्यसपछि पिठ्यूँमा एक लात हिर्कायो ।

"निस्की राँडी यहाँबाट । वाक्क लागि सकिस् तँ ।"

उसको मारबाट बच्नको लागि आमाले आफ्नो दुई वर्षको बच्चालाई काखमा बोकिन् र बेस्सरी छातीमा च्यापिन्, अनि घुँडाले टेकेर भुइँमा बसिन् । बच्चा हात खुट्टा चलाउँदै रोइरहेको थियो, उसको नाङो भयभीत शरीर तातो थियो ।

"निस्की ।"- मिखाइल चिल्लाउँदै थियो ।

उनी जुरुक्क उठिन् र भान्सा-कोठातिर दौडिन् । एउटा स्वीटर टिपिन् र बच्चालाई शलमा बेरेर नाङ्गा खुट्टा, राती लाउने लुगा मात्र लाएकी उनी घरबाट निस्किन् । उनी न रोइन् नै, न त कुनै गुनासो नै गरिन् । मे महीना थियो, रात झन् चिसै थियो । सडकको चिसो धुलो उनको पाइतलामा टाँसिन्थ्यो र खुट्टाका औंलाहरूबीच घुस्थ्यो । बच्चा हातखुट्टा हल्लाएर रुँदै थियो । आमाले बच्चालाई बेस्सरी छातीमा च्यापिन् र व्याकुल भएर सडकमा दौडदै अगाडि बढिन् । उनी हिंड्दै बच्चालाई शान्त पार्ने कोशिश गर्दै थिइन् -

"ओ ओ ओ.....।"

उज्यालो हुन थालिसकेको थियो, उनलाई डर पनि लागिरहेको थियो र लाज पनि । कहीं यस अर्धनग्न अवस्थामा कसैले सडकमा नभेट्टाओस् भनेर उनी धाप छेउको अल्पवयस्क अस्परुख मुनि गएर बसिन् । उनी यसरी धेरैबेरसम्म आँखा फाडेर अन्धकारमा हेर्दै त्यहाँ बसिरहिन् र निदाउन थालेको बच्चा र स्वयम् आफ्नो हृदयको व्यथा शान्त पार्न निरन्तर एकै सुरमा गुनगुनाउन थालिन् -

"ओ- ओ- ओ- ...।"

अचानक एउटा कालो चरो उड्दै नजीकैबाट पार भयो । आमा तर्सेर उभिइन् र जाडोले काँप्दै घर फर्किन्- यसरी उनी फेरि पिटाइ र अपमानको चिरपरिचित भयंकर वातावरणमा फर्केकी थिइन्...।

संगीतको अन्तिम सुर सुनियो र फेरि एक उदास चिसो सुस्केरासहित त्यो संगीत शान्त भयो ।

सोफियाले आफ्नो भाइतिर फर्केर बिस्तारै सोधिन् -

"मन पर्‍यो ?"

"असाध्यै ।" अचानक निन्द्राबाट बिउँझेको मान्छेजस्तो झस्किंदै उसले भन्यो - "असाध्यै मन पर्‍यो...।"

आमाको हृदयमा ती दुःखद् स्मृतिहरूको प्रतिध्वनि अझ पनि काँप्दै थियो र उनको चेतनाको सिमान्त प्रदेशमा यस्तो विचार देखापर्‍यो-

'यस्ता पनि मान्छेहरू हुन्छन् जो मित्रता र शान्तिको वातावरणमा मिलीजुली बस्छन्, आपसमा कहिल्यै गाली गर्दैनन् र रक्सी पिएर मात्तिदैनन्, एक टुक्रा रोटीको लागि झगडा गर्दैनन्..। त्यस अन्धकारपूर्ण जीवनका मान्छेहरू भन्दा बिलकुल अर्कै तरीकाले बस्छन्...।'

सोफियाले चुरोट सल्काइन् । उनी असाध्यै धेरै चुरोट पिउँथिन्, कति धेरै भने शायद कहिल्यै उनको हातबाट चुरोट छुट्दैनथ्यो ।

"यो मेरो कोस्त्याको सबैभन्दा मन पर्ने धुन हो ।"- उनले भनिन् र लामो सास फेर्दै फेरि पियानोको पर्दामा औंला राखिन् । एक कोमल, उदास धुन सुनियो - "उनलाई पियानो बजाएर सुनाउँदा मलाई धेरै खुशी लाग्थ्यो । कति अनुभूतिशील थियो ऊ, जुनसुकै कुराले पनि उसको हृदयलाई प्रभावित तुल्याउँथ्यो, उसको हृदय भावनाले भरिएको थियो...।"

'आफ्नो लोग्नेबारे सोच्दै छिन् शायद ।'- आमाले मनमनै सोचिन् - 'फेरि मुस्कुराइरहेकी छिन्...।'

"कति सुखी थिएँ म त्यस व्यक्तिसित...।"- सोफियाले गहन ममताको भावावेशमा मन्द स्वरमा भनिन् - "उसलाई जिन्दगीको रहस्य थाहा थियो...।"

"हो ।"- निकोलाइले आफ्नो दाढी मुसार्दै सहमति जनायो - "उसको आत्मा संगीतले भरिएको थियो...।"

सोफियाले भर्खरै सल्काएको चुरोट एकातिर हुत्याइन् र आमातिर फर्कंदै सोधिन् - "तपाईंलाई मेरो यो हल्लीखल्लीले वाक्क त पारेन ?"

...क्रमशः

# नेकपाका संस्थापक महासचिव पुष्पलालको ४५औं स्मृति दिवस मनाइँदै

**काठमाडौं ।** विभिन्न कम्युनिस्ट पार्टी तथा तिनका भातृ संगठनहरूले विभिन्न कार्यक्रमका साथ नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको ४५औं स्मृति दिवस देश तथा विदेशमा मनाउने भएका छन् ।

सत्तारुढ नेकपा (माओवादी केन्द्र) सहित प्रमुख प्रतिपक्षी नेकपा (एमाले) ले संस्थापक महासचिवको योगदानको विभिन्न कार्यक्रमका साथ स्मरण गर्ने तयारी गरेको हो ।

नेकपा (एकीकृत समाजवादी) ले ४५औं पुष्पलाल स्मृति दिवसका अवसरमा पुष्पलाल स्मृति उद्यानमा एक कार्यक्रमको आयोजना गर्ने भएको छ भने अन्य कम्युनिस्ट पार्टीहरूले पनि विभिन्न कार्यक्रम गरेर पुष्पलालको स्मृति दिवस मनाउने तयारीमा लागेका छन् ।

सम्मुन्नत राष्ट्र निर्माण गर्ने र नेपाली जनताको वास्तविक मुक्तिको कार्यभार पूरा गर्ने लक्ष्यका साथ पुष्पलालले विसं २००६ मा भारतको कोलकतामा नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरेका थिए । रामेछाप जिल्लाको भङ्गेरीमा विसं १९८१ असारमा जन्मिएका पुष्पलाल वैचारिक रूपले सशक्त र आम नेपालीका लागि एक प्रेरणादायी नेताका रूपमा परिचित रहँदै आएका छन् । जनमतका हिसाबले ठूलो हिस्सा कम्युनिस्ट र वामपन्थी भए पनि विभिन्न पटक-पटक विभाजनको रोगबाट ग्रसित हुँदा ठूलो राजनीतिक परिवर्तनपछि पनि कम्युनिष्ट पार्टी गठन हुँदा देखेका सपना अझै पूरा हुन नसकेको गुनासो यतिकै छ ।

कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ता अझै पनि संस्थापक महासचिव श्रेष्ठले नेपालको परिवर्तनका लागि प्रस्ताव गरेको कृषिक्रान्ति र गरिब एवं गरिखाने वर्गको मुक्तिको अभियान उत्तिकै महत्त्वपूर्ण रहेको बताउँछन् ।

नेकपा (माओवादी केन्द्र) की उपाध्यक्ष पम्फा भुसालले पुष्पलालसहितका शीर्ष कम्युनिस्ट नेता तथा कार्यकर्ताको सपना पूरा गर्ने लक्ष्यका साथ एकीकृत कम्युनिस्ट पार्टीको आवश्यकता महसुस गरिए पनि त्यसले मूर्तता पाउन नसकेको र बलियो पार्टी नबन्दासम्म समाजवादको लक्ष्य पूरा हुन नसक्ने बताइन् ।

# 'मिनी संसद्' : विषयगत समितिको नेतृत्वमा आ–आफ्नै दाबी

**काठमाडौं ।** गण्डकी प्रदेशसभामा विषयगत समितिको नेतृत्वका लागि दलहरूबीच आ-आफ्नै अडान राखेका छन् । 'मिनी संसद' भनेर चिनिने विषयगत समिति गठनमा सहमति जुट्न नसक्दा सरकारले ल्याउने विधेयक दोहोरो बहस र छलफलबिना सोझै प्रदेशसभा बैठकबाट पारित हुँदै आएको छ । प्रदेशसभा सदस्यहरू नै कानुन निर्माणका अभ्यासमा भाग लिन पाएका छैनन् ।

पछिल्लो समय विषयगत समिति गठनका लागि दलहरू आन्तरिक छलफलमा जुटे पनि प्रदेशसभाका चार समितिको नेतृत्वमा दलहरूले आ-आफ्नै दाबी अघि सारेका हुन् । प्रदेशसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले दुई समितिको सभापति आफूले पाउनुपर्ने माग गरिरहेको छ ।

सरकार फेरबदललगायत राजनीतिक घटनाक्रमले प्रदेशसभा नियमावली मस्यौदा समितिको काम प्रभावित हुँदा विषयगत समिति गठन पनि पछाडि धकेलिँदै आएको छ । नियमावलीमा चार विषयगत समितिको व्यवस्था छ । पहिले रहेका विषयगत समितिका नाम र कार्यविभाजनमा हेरफेर गरिएको छ ।

सार्वजनिक लेखा समितिसहित दुई समितिको नेतृत्वमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले)ले दाबी गरेको छ । सत्ता गठबन्धनको दोस्रो ठूलो दल नेकपा (माओवादी केन्द्र)ले अर्थ तथा विकास समितिको सभापति आफूले पाउनुपर्ने अडान लिएको छ । नेपाली कांग्रेस गण्डकी प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक नन्दप्रसाद न्यौपानेले प्रदेशसभाको सबैभन्दा ठूलो दलका हिसाबले समितिको सभापति लिनेमा कांग्रेसको दाबी स्वाभाविक भएको दावी गरे ।

'सार्वजनिक लेखा समिति प्रमुख प्रतिपक्षीले पाउने कुरा पक्का जस्तै छ, यो संसदीय प्रचलन पनि हो, बाँकी तीन समितिको नेतृत्व कांग्रेस र माओवादी मिलेर टुङ्गो लगाउँछौं' उनको भनाइ थियो ।

यस्तै नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले प्रदेशसभामा दलीय हैसियतअनुसार समितिको सभापति चयन हुनुपर्ने बताए । उनले अब सरकारले ल्याउने विधेयक विषयगत समितिमा छलफल भएपछि मात्र प्रदेशसभामा लैजानुपर्ने बताए ।

यसैगरी माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक कुसुम बुढाले समितिमा पठाउने सदस्यका विषयमा दलभित्र आन्तरिक गृहकार्य भइरहेको जानकारी दिइन् । उनले अर्थ तथा विकास समितिमा माओवादीको दाबी रहने बताइन् ।

यस्तै प्रदेशसभा सचिवालयका प्रवक्ता प्रेम सुवेदीले प्रदेशसभा बैठकले पारित गरेको प्रदेशसभा नियमावली सभामुखबाट प्रमाणीकरण भएपछि समिति गठनको प्रक्रिया अगाडि बढ्ने बताइन् । 'एक/दुई दिनभित्रैमा सभामुखज्यूबाट प्रदेशसभा नियमावली प्रमाणीकरण हुन्छ, त्यसपछि सभामुखज्यूले समिति गठनको प्रस्ताव गर्नुहुन्छ' उनको भनाइ थियो ।

प्रदेशसभा नियमावली समयमा नबन्दा दोस्रो कार्यकाल सुरु भएको सात महिनापछि बल्ल विषयगत समिति गठन हुन लागेको हो । 'मिनी ससंद्'ले चिनिने विषयगत समिति गठनमा ढिलाइ हुँदा सरकारले ल्याउने विधयक दोहोरो बहस र छलफलबिनै सोझै प्रदेशसभा बैठकबाट पारित हुँदै आएको थियो । प्रदेशसभा सदस्यहरू नै कानुन निर्माणका अभ्यासमा भाग लिन पाएका थिएनन् ।

प्रदेशसभा अब अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, प्रदेश मामिला तथा कानुन समिति र सामाजिक विकास तथा कृषि समिति रहनेछ । पहिलेको विधायन समिति हटाइएको छ भने सामाजिक विकास तथा कृषि समिति नयाँ थप भएको हो ।

# प्रहरीचौकी इन्चार्जको हत्या अभियोगमा आमा–छोरा पक्राउ

**काठमाडौं ।** बागलुङको बडिगाड गाउँपालिकास्थित इलाका प्रहरी कार्यालय भीमगिठेका इन्चार्ज प्रहरी वरिष्ठ नायब निरीक्षक उज्ज्वल पौडेलको हत्या अभियोगमा होटल सञ्चालक आमा-छोरा पक्राउ परेका छन् । घटनास्थल बडिगाड-६, खार बजार पुगेको प्रहरीले आमाछोरालाई पक्राउ गरेको हो ।

सोमबार राति मृत फेला परेको चौकी इन्चार्ज पौडेलको शवपरीक्षणका लागि प्रहरीले मंगलबार साँझ धौलागिरि अस्पताल बागलुङ पुऱ्याएको थियो । प्रहरी प्रधान कार्यालयले पोखरा पठाउन निर्देशन दिएकाले बागलुङमा शवपरीक्षण नगरी पोखरा पठाइएको प्रहरी उपरीक्षक खड्काले जनाए ।

प्रहरी प्रधान कार्यालय काठमाडौंको निर्देशनमा उनको शव परीक्षणको लागि पोखरा पठाइएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रमुख प्रहरी उपरीक्षक योगेन्द्रकुमार खड्काले जानकारी दिए । आशा होटल एण्ड खाजा घरमा मृत फेला पारिएका पौडेलेको शवपरीक्षण गण्डकी अस्पताल पोखरामा गरिने भएको छ ।

इन्चार्ज पौडेल मृत फेला परेको होटल सञ्चालिका आशा कुँवर र उनका छोरा विनोदलाई अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको छ । 'इन्चार्ज पौडेलको हत्या अभियोगमा दुई जनालाई पक्राउ गरेका हौं' प्रहरी उपरीक्षक खड्काले भने । पौडेलले लगाएको सुनको सिक्री होटलको भन्छा कोठामा फेला पारिएको पनि उनले बताए ।

घटना 'शंकास्पद देखिएको जनाउँदै प्रहरी उपरीक्षको नेतृत्वमा घटनास्थल बडिगाड गाउँपालिका-६ खार बजार पुगेको प्रहरीले आशा होटल एण्ड खाजा घरका सञ्चाकल आमाछोरालाई पक्राउ गरेको थियो । प्रहरीले घटनाका विषयमा अनुसन्धान भइरहेकाले वास्तविकता पत्ता लागेपछि मात्रै थप जानकारी दिइने बताए ।

# बाढीका कारण पञ्जाबबाट सयौं विस्थापित

**लाहोर ।** मनसुनी वर्षाका कारण पाकिस्तानको पञ्जाब प्रान्तस्थित चिनाब नदीको किनारमा बिहीबार आएको बाढीका कारण कम्तीमा ५० गाउँ डुबानमा पर्दा सयौं मानिस विस्थापित भएका छन् ।

त्यहाँस्थित अधिकारीहरूका अनुसार बाढीका कारण महिनाको सुरुमा प्रान्तका अन्य गाउँबाट १४ हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो । 'चिनियोट फ्लड कन्ट्रोल रुम'का अधिकारी औरोङ जैबले मौसमी वर्षाका कारण पानीको सतह बढेको बताएका हुन् ।

'नदी कटानका कारण तल्लो भेगका गाउँहरू बाढीबाट प्रभावित भएका छन' उनले एएफपीलाई भने । छिमेकी भारतले सिन्धु नदीमा पानी छोड्न स्लुइस गेट खोलेपछि पनि नदीको सतह प्रभावित भएको छ । अधिकारीहरूले चिनाब नदीमा सुरक्षात्मक तटबन्ध निर्माण गर्ने योजना घोषणा गरे पनि आगामी दिनमा अझै बाढी आउने चेतावनी दिएका छन् ।

पाकिस्तान दीर्घकालीन जलवायु जोखिमको खतरामा रहेका देशहरूमध्ये एक हो । सन् २०२२ मा देशको करिब एक तिहाइ भूभाग डुबानमा परेको विनाशकारी बाढीका कारण तीन करोड ३० लाखभन्दा बढी मानिस प्रभावित भएका थिए ।

पछिल्लो समय जलवायु परिवर्तनले मौसमी वर्षालाई भारी र अप्रत्याशित बनाइरहेको वैज्ञानिकहरूको विश्लेषण रहेको छ ।

# प्रवासी नेपालीले २१०औं भानुजयन्ती मनाए

**काठमाडौं ।** प्रवासी नेपालीले विभिन्न कार्यक्रममा साथ भारतको कोलकातामा आदिकवि भानुभक्त आचार्यको दुई सय १०औं जन्मजयन्ती मनाएका छन् । त्यहाँस्थित नेपालीभाषीहरूले विशेष कार्यक्रम आयोजना गर्दै भानुजयन्ती मनाएका हुन् ।

पश्चिम बङ्गालको हावडास्थित सरत सदनमा नेपाली जनकल्याण समितिको आयोजनामा कार्यक्रम सम्पन्न भएको कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राई प्रमुख अतिथि र पश्चिम बङ्गाल सरकारका सहकारीमन्त्री अरूप राय विशेष अतिथिका रूपमा उपस्थित रहेको थियो । कुलपति राईले आफूले सानो हुँदा कथाका रूपमा सुनेको कोलकातामा भानुभक्तको यस प्रकारको महत्त्व र गतिविधि देखेर खुसी लागेको बताए । उनले प्रज्ञा प्रतिष्ठानले आगामी दिनमा यस्ता कार्यक्रममा सहकार्य विस्तार गरी नेपाली रहेका स्थानमा नेपालको साहित्यप्रतिको रुचिबारे समाजशास्त्रीय अध्ययनमा ध्यान दिने जनाए । प्रदेश मन्त्री रायले भानुभक्तका नाममा हावडामा सडकमार्ग नामकरणको निर्णय भइसकेको र भानुभक्तको प्रतिमा निर्माणका लागि पनि सघाउन तयार रहेको जानकारी दिए । भानुभक्तको तस्बिरमा श्रद्धाञ्जलि दिएर सुरु भएको कार्यक्रममा प्राज्ञ परिषद सदस्य डा मधुसुदन गिरी नेपाली महावाणिज्य दूतावासका उपमहावाणिज्यदूत कर्णप्रसाद तिमल्सिना, जनकल्याण समितिका प्रमुख सल्लाहकार धर्मराज बराल, प्राध्यापक डा सत्यप्रकाश तिवारी, प्रवासी नेपाली संघ भारतका अध्यक्ष नारायणप्रसाद होमागाईंलगायतले आदिकविको व्यक्तित्व र कृतित्व देश-विदेशमा रहेका नेपालीमाझ फैलिएको र आदिकविका कारण नेपालीबीच साहित्यिक एकताको मार्ग बनेको उल्लेख गरे ।

भानुजयन्तीको अवसरमा साहित्यका योगदानका लागि कुलपति राईलाई समितिले अभिनन्दन गरेको थियो भने समितिको प्रकाशन 'बिहानी'को २४औं अंकको विमोचन गरिएको थियो । कविहरू धर्मराज बराल, मोहनकुमार सिंह, सञ्जीव गुरुङ, रामबहादुर कार्कीलगायतले भानुभक्तको रामायणसहित आफ्ना रचना वाचन गरेका थिए । पछिल्लो समयमा बरालले नेपाली र कोलकाताका साहित्यकारबीच सेतुको कार्य गर्दै आएको बताए ।

कार्यक्रममा लामो समयदेखि भारतमा विभिन्न पेशा व्यवसाय गर्दै आएका नेपालीभाषीहरूको सहयोग र समन्वयमा भानुजयन्ती मनाउँदै र अन्य मानवीय सहयोग कार्यक्रम हुँदै आएको समितिका सभापति बद्रीविक्रम थापाले बताए । हरेक वर्ष असार २९ गते राष्ट्रिय विभूति भानुभक्तको जन्मजन्ती साताव्यापी रूपमा मनाइँदै आएको छ ।

# पशुपतिनाथसहितका देशभरका शिवालयमा भक्तजनको भीड

**काठमाडौं ।** साउनको दोस्रो सोमबार बिहानैदेखि पशुपतिनाथ क्षेत्रमा बिहानैदेखि भक्तजनको भीड लागेको छ । भक्तजनको सुविधाका लागि बिहान तीन बजेदेखि नै पशुपतिनाथको चारै ढोका खुला गरेको संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशंकर पराजुलीले जानकारी दिएका हुन् । पशुपति क्षेत्रमा लाखौं भक्तजनले लाम लागेर पूजा, आरधना एवं दर्शन गरेका हुन् । पशुपतिनाथमा विशेष पूजा आराधनाका लागि सोमबार १०१ जना भक्तजनले रसिद काटेका थिए । सौरमासअनुसार सोमबारका दिन शुपतिनाथमा सुन्दरीजलबाट शुद्ध जल ल्याएर अर्पण गर्ने बोलबम यात्रीको समेत भीड लागेको छ । बोलबम यात्री शुद्ध जल लिने आइतबार बेलुकी नै सुन्दरीजल गएर बसेका थिए ।

भगवान शिवको महिना र बार भएकाले वैदिक परम्पराअनुसार शिवालयमा पूजा, आराधना गर्ने प्रचलन रहेको छ । प्रत्येक वर्ष साउन महिना शिवजीको विशेष पूजा, आराधना गर्ने महिना एवं बार भएकाले व्रत गर्न हुने भन्ने मान्यताका आधारमा राजधानीका गोकर्णेश्वर, नागेश्वर, डोलेश्वर, वसन्तपुरस्थित मक्खन महादेवलगायत शिवालयमा भक्तजनको भीड लागेको छ ।

गो.हु.का. द.नं.: ४५/०६३/६४ | का.जि.प्र.का. द.नं.: ८९-०५२/५३



## नेकपा संस्थापक...

'पार्टी विचलित हुनुहुँदैन, एकता कायम गर्दै देश र जनताको पक्षमा काम गर्नुपर्छ भन्नुहुन्थ्यो' उपाध्यक्ष महराले स्मरण गरे ।

यस्तै माओवादीका सचिव लीलामणि पोखरेलले कर्माचार्य सधैं पार्टी एकताको हिमायती रहेको बताए । 'कर्माचार्य जहिले पनि पार्टी विभाजनको विपक्षमा रहनुभयो, पार्टीको नीति निर्देशनलाई कडाइका साथ पालना गर्ने, विचारप्रति निष्ठावान् र सधैं विचारमा अविचलित भइरहनुभयो' कार्यक्रमबीच सचिव पोखरेलले भने ।

स्मृति कार्यक्रममा माओवादी नेता कार्यकर्ताले संस्थापक सदस्य कर्माचार्यको तस्वीरमा माल्यार्पण गरेका थिए । विसं १९८१ कात्तिक १४ गते भाइटीकाको दिन ललितपुरको भ्रूपाटोलमा बुवा चन्द्रबहादुर र आमा श्रीकुमारीको कोखबाट जन्मिएका नेकपाका संस्थापक सदस्य कर्माचार्यले विसं २०७० साउन ९ गते यस संसारबाट बिदा लिएका थिए ।

विसं २००६ मा भारतको कोलकातास्थित वडाबजारमा पुष्पलालको संयोजकत्वमा स्थापना भएको नेकपाको कर्माचार्य, निरन्जन गोविन्द वैद्य र नारायणविलास जोशी सदस्य रहेका थिए । विसं २००५ देखि प्रजातन्त्र संघमा संलग्न भएर राणाविरोधी र मजदुर आन्दोलनमा सक्रिय सहभागी रहेका कमाचार्य आन्दोलनका क्रममा थुप्रैपटक जेल र निर्वासनमा समेत जानु परेको थियो । तत्कालीन राष्ट्रिय काग्रेसलाई मिलाउन उनले महत्वपूर्ण भूमिका खेलेका थिए ।

राष्ट्रिय कांग्रेसबाट देश र जनताको पक्षमा केही हुने नदेखेपछि उनले अर्को क्रान्तिकारी पार्टी निर्माणका क्रियाशील भएका थिए । कर्माचार्य चिनियाँ जनक्रान्ति र भारतको तेलङ्गाना किसान आन्दोलनबाट प्रभावित रहेका उनले पार्टी स्थापनापश्चात मजदुर संगठनको संस्थापक अध्यक्ष बनेका थिए । विसं २०१६ को निर्वाचनमा तत्कालीन ललितपुर नगरपालिकाको प्रमुखमा निर्वाचित भएका कर्माचार्य विसं २०१९ मा सम्पन्न पार्टीको तेस्रो महाधिवेशनबाट नेकपाको केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए ।

पार्टी टुटफुट र विभाजनपश्चात विभिन्न क्रान्तिकारी व्यक्ति र समूहलाई एकीकृत बनाउन निरन्तर लागि पर्दापर्दै त्यसैबीच विसं २०३१ मा नेकपा चौमको केन्द्रीय सदस्य, २०४८ मा विभिन्न चार पार्टीको एकतापश्चात एकता केन्द्र निर्माण र केन्द्रीय सदस्य बनेका कर्माचार्य जीवनको अन्तिम समयमा नेकपाको संरक्षक र सक्रिय भूमिका निर्वाह गर्दागर्दै यो भौतिक संसारबाट बिदा लिए ।

आजीवन अविवाहित रहेका नेकपाका संस्थापक नेता कर्माचार्यलाई चरित्रवान, सामाजिक र लोकप्रिय व्यक्तित्व, विवादरहित, सादा जीवन र उच्च विचारका पर्यायका रूपमा लिने गरिन्छ ।


जङ्गली च्याउहरू विषालू पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।

खेती गरेर उमारेका च्याउ खाने गरौं ।

जीवन सुरक्षित गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


## भ्रष्टाचार-बेथिति...

विपरीतको काम भएको देखियो, सरकारले फोहर सफा गर्न यो कदम चालेको हो' प्रधानमन्त्री दाहालको भनाइ थियो ।

यसैगरी ललिता निवास प्रकरणको छानविनबाट राज्यको सम्पत्ति व्यक्तिमा लैजाने अपराधको अन्त्य गर्ने कामको सुरुवात भएको भन्दै उनले थपे 'यो राज्यको सम्पत्ति राज्यलाई नै फिर्ता गराउने अभियान हो । यो प्रकरण ललिता निवासको कुरामात्रै होइन, देशभर चलेको माफियागिरीको अन्त्य र नयाँ भूमि नीतिमार्फत आर्थिक समृद्धिको अभियानसँग जोडिएको छ ।'

नेपालमा थुप्रिएको बेथिति र विसंगतिको चाङ अन्त्य गर्ने विषय रातारात एक जनाले चाहँदैमा भइहाल्ने अवस्था नरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले विकृति र विसंगति अन्त्यका लागि सम्पूर्ण नेपालीको साथ आवश्यक रहेको विश्लेषण गरे ।

पछिल्लो राजनीतिक परिवर्तनको औचित्य पुष्टि गर्न जसरी भए पनि नेपाल र नेपालीको अवस्थामा सुधार ल्याउनुपर्नेमा जोड दिँदै प्रधानमन्त्री दाहालले जनताको जीवनस्तरमा परिवर्तन ल्याउन नसकिए यसको औचित्य सावित नहुने बताए । 'हामीले नेपालमा राजनीतिक परिवर्तन राजनीतिका लागि मात्र ल्याएको होइन, राष्ट्र र जनताको वृहत्तर हित हुने गरी परिवर्तन ल्याउने भनेका हौं' प्रधानमन्त्री दाहालले भने 'यदि जनताको जीवनस्तरमा परिवर्तन हुँदैन भने यसको दिगोपन र औचित्य पनि इतिहासमा सिद्ध हुँदैन ।'

आफूले यसपटक प्रधानमन्त्री हुँदा देश र जनताका लागि केही गर्नुपर्छ भन्ने संकल्प लिएको उल्लेख गर्दै उनले सोही संकल्पअनुसार मुलुकको अवस्था बदल्न लागिपरेको बताए । 'जसले परिवर्तन ल्याउन लड्यो, त्यही पार्टी, विचार र नेतालाई चिन्ता हुन्छ' प्रधानमन्त्री दाहालले भने 'यो परिवर्तनले जनतालाई राम्रो गर्यो कि गरेन । यो पटक मैले प्रधानमन्त्रीको जिम्मेवारी लिँदा गरेको संकल्प त्यही नै हो ।'

सात दशक लडेर ल्याएको परिवर्तनले राष्ट्र र जनताको हित गर्न सकेन भने त्यो दुर्भाग्यपूर्ण हुनेछ भन्दै प्रधानमन्त्री दाहालले परिवर्तन असफल भयो भने राष्ट्र दुर्घटनामा पर्ने खतरा रहेको औंल्याएका थिए । 'यो परिवर्तन असफल भयो भने राजनीतिक परिवर्तनमात्रै असफल हुँदैन, नेपाल राष्ट्र नै असफल हुने र दुर्घटनामा पर्ने खतरा रहन्छ' उनको भनाइ थियो 'त्यसकारण देश र जनतालाई दुर्घटनाबाट बचाउन पनि यसपटक सरकारको नेतृत्वको हैसियतले कठोर कदम चाल्नैपर्छ भनेर महत्वपूर्ण काम थालिएका छन् ।'

नेपालमा उत्पादित सामग्रीले युरोपको बजार पाउन नसकेको, राहदानीसम्बन्धी समस्या, इटालीले ल्याउने मौसमी कामदारको सूचीमा नेपाल नसमेटिएकालगायत गैरआवासीय नेपालीले उठाएका विषयलाई सम्बोधन गर्न सरकार तयार रहेको उहाँको भनाइ थियो । 'कानुनी तथा संरचनात्मक जटिलतालाई हल गरेर यी विषयमा सरलीकरण गरिन्छ' प्रधानमन्त्री दाहालको भनाइ थियो ।

संयुक्त राष्ट्रसंघ, खाद्य तथा कृषि संगठनले आयोजना गरेको कार्यक्रमको दौरानमा इटालीका प्रधानमन्त्री र राष्ट्रसंघका महासचिवसँग अनौपचारिक रूपमा महत्वपूर्ण कुराकानी भएको जानकारी दिँदै उहाँले आफूले औपचारिक कार्यक्रममा दिएको वक्तव्यपछिको प्रतिक्रिया पनि निकै सकारात्मक भएको पाएको बताए । 'अब इटाली सरकारसँग नेपाल सरकारको सम्बन्ध अझ गहन हुने र अगाडि बढ्ने विश्वास लिएको छु' उनको भनाइ थियो 'तपाईंहरू (एनआरएन) ले उठाएका विषय सम्बोधनको पहलका लागि आधार मिलेको छ ।'

आफूले इटालीमा नेपालीले भोगेका समस्याबारे आफूले नजिकबाट जान्ने मौका पाएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले नेपालीले भोग्दै आएका समस्या समाधानका लागि नेपाल सरकारकातर्फबाट सक्दो सहयोग गर्ने बताए । 'मैले यहाँ बस्ने नेपालीका समस्या, यहाँ आइपुग्दा भोगेका समस्या, यहाँ पुगेपछि भोगिरहेका समस्याबारे प्रत्यक्षरूपमा बुझ्ने मौका पाएँ' उनले भने 'इटालीमा रहेका नेपालीले भोग्दै आएका समस्या समाधानका लागि नेपाल सरकारबाट के गर्न सकिन्छ, त्यसका निम्ति पहल गर्नेछु ।'

परराष्ट्र सचिव भरतराज पौडेलले गैरआवासी नेपालीको नागरिकतासम्बन्धी विषय सम्बोधन भएको बताउनुभयो । अस्ट्रियाका लागि नेपाली राजदूत भरतकुमार रेग्मीले आफूहरू इटालीमा रहेका नेपाली समुदायसँग अत्यन्त नजिक रहेको उल्लेख गर्दै नेपालीले भोग्दै आएका समस्यालाई नेपाल सरकार समक्ष पुऱ्याउने गरेको बताए ।

कार्यक्रममा सहभागी मुलुक बाहिर रहेका नेपालीले आफ्नो परिवारको भन्दा पनि मातृभूमिको माया गर्दै आएको भन्दै सहभागीले गैरआवासीय नेपालीले नागरिकता प्राप्त गर्ने वातावरण बनेकामा सरकारलाई धन्यवाद दिएका थिए । पछिल्लो दुई वर्ष गैरआवासीय संघका लागि सुखद नरहेको भन्दै उनीहरूले विभाजित एनआरएनएलाई प्रधानमन्त्रीको उपस्थितिमा एक ठाउँमा ल्याउने सम्झौता भएकामा आभार व्यक्त गरेका थिए ।

# कुलो छ, पानी छैन : वर्षा नहुँदा धानखेतमा झारैझार

**काठमाडौं ।** प्रशस्त वर्षा नहुँदा कैलालीका किसानले बल्लतल्ल लगाएको धानबाली समेत झारले छोपेको छ । जिल्लाको टीकापुर नगरपालिका-३ का किसानले असारमै लगाएको धानबालीमा अहिलेसम्म पर्याप्त सिँचाइ गर्न नपाउँदा झारले छोपेको छ । प्रशस्त वर्षा नहुँदा कुलोमा पानी भएको पनि सबैलाई पालो पुऱ्याउन पर्ने भएपछि रोपाइँपछि पानी लगाउन नपाउँदा खेतमा झारैझार उम्रिएको छ । धान खेतमा अनावश्यक रूपमा आउने झारले उत्पादन प्रभावित हुने किसानले विभिन्न झार नाशक विषादी प्रयोग गर्ने क्रम बढ्दै गएको छ । धान रोपाइँ सकेपछि खेतमा पर्याप्त पानी सिँचाइको कमीले बढी झार देखापर्छ ।

जिल्लास्थित जानकी गाउँपालिकाका किसानको धानबालीमा समेत झारले धानभन्दा बढी झार उम्रेको छ । सिँचाइ गर्न नपाउँदा खेतमा उम्रिएको झार नष्ट गर्न किसानले प्राविधिकको सल्लाह अनुसार झारनाशक विषादी प्रयोग गरेका छन् ।

किसानले धान खेतमा झार उम्रनुभन्दा पहिला र झार उम्रिसकेपछि फरक-फरक विषादीको प्रयोग गर्नुपर्ने कृषि प्राविधिकको सुझाव छ । चौधरीको सुझाव छ । यहाँका किसानले खेतमा झार उम्रनुभन्दा पहिला बुटाक्लोर, प्रिटिलाक्लोर र झार उम्रिसकेपछि डिस्पाइरीब्याक सोडियम लगायतका विषादीको प्रयोग गर्ने गरेका उहाँ बताउनुहुन्छ । रोपाइँ सकिएदेखि नियमित पर्याप्त सिँचाइ भएमा धान खेतमा झारमा कमी आउँछ । पानी नपाएका खेतमा झार बढी उम्रन्छ ।

वर्षात कम भएपछि कुलामा आवश्यक पानी नहुँदा खेतका गरामा आलोपालो सिँचाइ गर्दा पर्याप्त पानी नपुगेपछि झार उम्रेको हो । कुलाको केही पानीसँगै वैकल्पिक उपायबाट जसोतसो रोपाइँ सकेका किसानलाई धानको रोपोमा पानी लगाउन नपाएर धानको उत्पादन घट्ने चिन्ता बढेको छ ।

# माओवादी केन्द्रको अनौपचारिक बैठक, केन्द्रीय समिति बैठकको तयारी

**काठमाडौं ।** आगामी साउन १७ गतेका बस्ने तयारीमा रहेको नेकपा (माओवादी केन्द्र) को केन्द्रीय समिति बैठकका लागि तयारी स्वरूप पार्टीको मुख्यालय पेरिसडाँडामा अनौपचारिक बैठक बसेको छ ।

माओवादी केन्द्रका कार्यवाहक अध्यक्ष एवं उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठको अध्यक्षतामा बसेको उक्त पदाधिकारी बैठकमा आसन्न केन्द्रीय समिति बैठकको तयारीका सम्बन्धमा अनौपचारिक छलफल भएको हो । बैठकमा केन्द्रीय समिति बैठकको व्यवस्थापन, दस्तावेज तथा कार्यक्रमिक विवरण पेसलगायत विषयमा छलफल भएको पार्टी कार्यालयका सचिव डोग्प्रसाद उपाध्यायले जानकारी दिएका हुन् ।

'यही साउन १७ गते बस्ने केन्द्रीय समितिको बैठकको तयारीका सम्बन्धमा अनौपचारिक बैठक बसेको हो' उनको भनाइ थियो । छलफललाई व्यवस्थित गर्ने, सामूहिक छलफल गर्ने कि छुट्टाछुट्टै धारणा राख्ने भन्नेबारे बैठकमा कुराकानी भएको उनको भनाइ थियो ।

केन्द्रीय समितिको सो बैठकको 'एजेन्डा' बारेमा कुनै छलफल नभएको सचिव उपाध्यायले जानकारी दिए । उनले इटाली भ्रमणमा रहेका प्रधानमन्त्री एवं पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' स्वदेश फर्किएपछि बस्ने बैठकले एजेण्डा तय गर्ने बताए । 'प्रधानमन्त्री एवं पार्टी अध्यक्ष स्वदेश फर्किएपछि यही साउन १३ गते बस्ने पदाधिकारी बैठकले एजेन्डा तय गर्छ' सचिव उपाध्यायको भनाइ थियो ।

माओवादीको केन्द्रीय समिति बैठक यही साउन १७ गतेदेखि काठमाडौंमा बस्ने तय भएको छ । बैठकमा केन्द्रीय सदस्य, वैकल्पिक केन्द्रीय सदस्य, प्रदेश र आयोगका पदाधिकारी गरी करिब सात सय बढीको सहभागिता हुने जनाइएको छ । केन्द्रीय समिति बैठकको तयारीस्वरूप पदाधिकारी बैठक बस्ने उनले जानकारी दिए ।

प्रकाशकः कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]
कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं